पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ४० | २०७३ जेठ १४ गते शुक्रबार (May 27 , 2016) | मूल्य रू. १०/-

## आन्दोलनलाई कमजोर नठान्न चेतावनी



काठमाडौं । आन्दोलनमा रहेको संघीय गठबन्धनले बिहीबार काठमाडौंको मुख्य प्रवेशद्वार कलंकीमा आमसभा गरेको छ । गठबन्धनका संयोजक उपेन्द्र यादवको नेतृत्वमा दिउँसो २ बजे सोल्टीमोडमा जम्मा भएर आफ्नो माग सम्बोधनका लागि सरकारविरूद्ध नाराबाजी गर्दै ऱ्याली कलंकी चोक पुगेको थियो । गठबन्धनले राजधानीमा थालेको आन्दोलन १३ दिन पुगेको छ । २६ सूत्रीय माग अघि सार्दै १ जेठदेखि राजधानीमा आन्दोलनरत गठबन्धनले कलंकीको विरोधसभाबाट कडा चेतावनी (**बाँकी अन्तिम पेजमा**)

# पूर्वराजा चिया बगानमा माइण्डफ्रेस गर्दैछन्

काठमाडौं । नुवाकोट भैरवीको भाकल पूजा सकेर झापाको हिमालय चियाबगान गएको पूर्वराजा माइन्ण्डफ्रेस गर्दैछन् । हिमालय चियाबगानमा पूर्वराजाको सिंगो परिवार (पूर्वयुवराज पारसबाहेक) सबै जम्मा भएका छन् । नुवाकोटदेखि झापासम्मै राजतन्त्र जिन्दावाद भन्ने नारा लागेको छ । अहिले पनि झापाको हिमालय चियाबगान वरपर आमनागरिकको भीड लागिरहेकै छ, बेला बेलामा राजा आउ देश बचाउ भन्ने नारा लागिरहेको सुनिन्छ । सेना, प्रहरी, जिल्ला प्रशासन र राष्ट्रिय अनुसन्धानका



कर्मचारीहरूले नियमित रूपमा जाहेरी पठाइरहेका छन् र ती जाहेरीहरूलाई एमाओवादी नेतृत्वको गृहप्रशासन र एमाले नेतृत्वको रक्षा मन्त्रालयमा दिनहुँ समीक्षा हुने गरेको छ । निष्कर्ष निरन्तर प्रधानमन्त्री केपी ओलीको कान फुक्ने गरिएको हाम्रा सूत्रले जानकारी दिएका छन् ।

अर्थात शान्ति र स्थिरताको प्रमुख पक्ष रहेको राजतन्त्रलाई जतिसुकै किनारा लगाए पनि जनताको राजतन्त्रप्रतिको आकर्षण र राजनीतिक दलहरूप्रतिको बिकर्षले नेताहरू भयग्रस्त भइरहेका छन् ।

पूर्वराजाको झापा भ्रमणलाई जतिसुकै पारिवारिक जामा पहिऱ्याए पनि यसैहप्ता सुरू हुने पूर्वराजाका देवदेवी, मन्दिर पीठहरूको दर्शनमा आमनागरिकले अन्तरक्रिया गर्नेछन् र पूर्वराजाले नुवाकोटका जनतासँगजस्तै तपाईहरूको मनोभावना बुझेको छु, केही समय पर्खनुहोस् भन्न बाध्य हुनेछन् । २०६५

(**बाँकी अन्तिम पेजमा**)

## राजेन्द्र पाण्डेलाई भगवानको लाठी



काठमाडौं । मनमोहन अधिकारीका नाममा मेडिकल कलेज खोलेर कुस्त कमाउन मरिहत्ते गरेका एमाले सांसद राजेन्द्र पाण्डे अन्ततः डा.गोविन्द केसीसँग हारे । एमालेकै नेतृत्वमा सरकार भएका बेलामा जसरी पनि सम्बन्धन लिएर मेडिकल कलेज खोलिछाड्ने राजेन्द्र पाण्डे एण्ड कम्पनीको लागि ढोका खोल्न डा.भगवान कोइरालाको नेतृत्वमा गठन गरिएको चिकित्सा शिक्षा आयोगले आफ्नो रिपोर्ट प्रधानमन्त्रीलाई

(**बाँकी अन्तिम पेजमा**)

## आरजु, उमेश, गीतालाई कानुन लाग्दैन ?

**अभियान संवाददाता**

काठमाडौं । डा.आरजु देउवा, उमेश श्रेष्ठ, गीता राणा, लक्ष्मण राजवंशी र बाबुराम पोखेरलले सञ्चालन गरेका उलेनस, लिटल एन्जल्स, ग्यालेक्सी, सिद्धार्थ बनस्थलीजस्ता नाम चलेका स्कूलहरू सांसदको लगानीमा चलेका स्कूल हुन् । अनुगमनका क्रममा यी स्कूलहरूमा शिक्षा निर्देशिका ठाडै उल्लंघन गरिएको, मनपरी ढंगले शुल्क उठाइरहेको भेटिएको छ । सबैभन्दा ठूलो ब्रम्हलूट कनक दीक्षितको रातो बंगलाभन्दा पनि आरजुको उलेन्सले मच्चाइरहेको भेटियो र अनुगमन कर्ताको रिपोर्टपछि थाहा भयो- यिनीहरूलाई शिक्षा मन्त्रालयका अधिकारी र शिक्षा कर्मचारीहरूको समर्थन र सहयोग रहेछ । सांसदहरूले चाडपर्वहरूमा मोटो सेता काम दिने गरेकाले शिक्षा मन्त्रालय र मातहतका अधिकारीहरूले यी स्कूलले जतिसुकै निर्देशिका मिचे पनि नदेखेझैं गर्ने रहेछन् ।

यसैवीच नेपाल विद्यार्थी संघ, अनेरास्ववियु, अखिल (क्रान्तिकारी) सहितका १४ वटा विद्यार्थी संगठनले काठमाडौ उपत्यकाका दुई दर्जन निजी विद्यालयको अनुगमनका आधारमा

(**बाँकी अन्तिम पेजमा**)

## जुट्ने भए राप्रपा नेपाल र राप्रपा





**अभियान संवाददाता**

काठमाडौं । सत्ताधारी दुवै दल राप्रपा नेपाल र राप्रपाबीच यही महिनाको अन्तिममा एकता गर्ने सहमति भएको छ । दुवै पार्टीका नेताबीच विभिन्न चरणमा छलफल भई विभिन्न सैद्धान्तिक तथा प्राविधिक रूपमा सहमति भएपछि पार्टी एकीकरण गर्ने सहमति भएको छ । अहिले संसदमा राप्रपा नेपालको २५ र राप्रपाको १२ सिट रहेको छ । एकीकरणपछि राप्रपाको सांसद संख्या ३७ पुग्ने छ । अहिले संसदमा कुनै पनि पार्टीको बहुमत नभएकाले यो संख्याले सत्ता समीकरणमा ठूलो प्रभाव पार्न सक्ने प्रष्ठ देखिएको छ ।

दुवै पार्टीबीच एकता गर्ने लामो प्रयास भएपनि त्यो सफल हुन सकेको थिएन । राप्रपा नेपालले उपाध्यक्ष राजिव पराजुलीको संयोजकत्वमा वार्ता टोली गठन गरेको थियो भने राप्रपाले बुद्धिमान तामाङको

(**बाँकी अन्तिम पेजमा**)

## सरकारले बजेट दुरूपयोग गर्छ : देउवा

**अभियान संवाददाता**



काठमाडौं । नेपाली कांग्रेस सभापति शेरबहादुर देउवाले धेरै विषयको आश्वासन बाँडे पनि ओली नेतृत्वको सरकारले बजेटको दुरूपयोग गर्ने आशंका व्यक्त गरेका छन् । नेपाल प्रेस युनियनको रजत वर्ष शुभारम्म कार्यक्रममा बिहीबार सभापति देउवाले जनताको कर र विदेशीको सहयोगमा ल्याइन लागेको बजेटमा सरकारले दुरूपयोग गर्न सक्ने आशंका व्यक्त गरेका हुन् ।

'प्रधानमन्त्री केपी ओली हावादारी कुरा गर्दै छन् । जनतालाई झूटा आश्वासन धेरै दिइएको छ,' प्रधानमन्त्री केपी शर्मा ओलीको बोलीप्रति कटाक्ष गर्दै देउवाले भने, 'जनताको कर र दातृ संस्थासमेतको सहयोगमा बजेट ल्याइँदै गर्दा सरकारले बजेटको दुरूपयोग गर्ने सम्भावना धेरै छ । बजेटको दुरूपयोग हामीलाई मान्य छैन, हामी सशक्त प्रतिवाद गर्छौं ।'

सभापति देउवाले वर्तमान सरकार अनेक आश्वासन बाँड्ने हावादारी भएको आरोप पनि लगाए । 'देशमा रेलको सर्भे भएको

(**बाँकी अन्तिम पेजमा**)



पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# फाहरको थुप्रोमा ओली सरकार

*नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री बन्दा नेपाली जनताले उनीबाट ठूलो आशा गरेका थिए । २०७२ साल वैशाख १२ गते र त्यसपछि गएको भूकम्पले पीडित भएका जनताले पर्याप्त मात्रामा राहत पाउने र आउँदो वर्षायाममा आ-आफ्नो घरमा बस्न पाउने आशा गरेका भए पनि पीडितहरुको आशा आशामै सीमित हुनेपक्कापक्की भएको छ । भूकम्पले थिलथिलो भएको अर्थतन्त्रलाई भारतले लगाएको अघोषित नाकाबन्दीले अझ थिलथिलो बनाइदियो । झण्डै ६ महिना नेपालमाथि लगाइएको अघोषित नाकाबन्दीले गर्दा मुलुकको अर्थतन्त्रमा झण्डै २२ खर्बको क्षतिभएको सरकारको आँकडा रहेको छ । मधेसवादी दलहरुले गरेको आन्दोलनले ८ खर्ब क्षति भोग्नु परेको थियो भने अहिले पनि कुनै न कुनै रुपले मधेसवादी दलहरुले आन्दलोलन गरिरहेका छन् । मधेसवादी दहलरुसँग पटक पटक वार्ता भएपनि वार्ताको आजसम्म निष्कर्ष निस्कन सकेको छैन । प्रधानमन्त्री ओलीको बोली नै वार्ताका लागि अभिसाप भएको मधेसवादी दलहरुका नेताहरुले बताइरहेका छन् । तर, प्रधानमन्त्री ओली भने पुरानै कुरा दोहोऱ्याएर आफू नेतृत्वको सरकारको आयु बढाउन चाहिरहेको प्रष्ठ हुँदै गएको छ ।*

*ओली नेतृत्वको सरकारले हालै सर्वाजनिक गरेको नीति तथा कार्यक्र केही हदसम्म राम्रो भएपनि कार्यान्वियन पक्षमा त्यसको प्रभाव कस्तो हुन्छ त्यसैमा नीति तथा कार्यक्रम प्रमुख भरपर्छ । नीति तथा कार्यक्रममा शैक्षिक बेरोजगारलाई उनीहरुका प्रमाणपत्र धितो राखेर बैंकहरुबाट ऋण उपलब्ध गराउने घोषणा गरिएको छ । २०४० सालमा तत्कालिन अर्थमन्त्री डा.प्रकाशचन्द्र लोहनीले समेत त्यस्तै घोषणा गरेका थिए, तर लोहनीको घोषणा घोषणामै सीमित भएको थियो । अहिले ओली सरकारले ल्याएको उक्त घोषणा पनि घोषणामै सीमित हुने पक्का पक्की भएको छ । कुनै पनि वित्तिय संस्थाहरु शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण दिन तयार देखिएका छैनन् । वित्तिय संस्थाको अनुगमान गर्ने र मुलुकको केन्द्रिय बैंक नेपाल राष्ट्रबैंकले आजसम्म शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण उपलब्ध गराउन सक्ने अभिव्यक्ति दिएको छैन । राष्ट्रबैंकले त्यस विषयमा छलफल र बहसै नभएको उद्घोष गरिसकेको बेला शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण पाउने आशामा बसेका शैक्षिक बेरोजगारहरुको आशा माथि तुषारापात भएको छ ।*

*एकातिर भूकम्पपीडितहरुले सरकारले दिने भनेको दुई लाख अनुदानको रकम समेत सहजरुपमा पाउनन सकेका छैनन् भने अर्कोतिर सरकार पहिला नै कार्यान्वयनमा आइसकेका र असफल भएका कार्यहरूलाई बढवा दिने उद्घोष गरिरहेको छ । हालै प्रधानमन्त्री ओलीले उद्घोष गरिदिए अब प्रत्येक निर्वाचत क्षेत्रमा सरकारले सस्तो पसल सञ्चालन गर्ने । यो भन्दा हावादारी कुरा अरु के हुनसक्छ ? तत्कालिीन अर्थमन्त्री डा.बाबुराम भट्टराईले समेत त्यस्तै घोषणा गरेका थिए, अर्थमन्त्रालय अन्तर्गत युवा कोष खडा गरेर त्यहींबाट ठूलो रकम बाँडियो, पसल सञ्चालन गर्न भनेर । तर रकम लिएका व्यक्तिहरु अहिले कसैले पनि सञ्चालन गरेका छैनन् । आफ्नो पार्टीका कार्यकर्तालाई बाँडिएको रकम अब सरकारले उठाउनै नसक्ने गरी डुबेको छ । सोर्सफोर्सका आधारमा विनाधितो बाँडिएको रकम उठ्छ भनेर विश्वास गर्ने आधार के ?*

*अहिलेसम्म पनि जनताले सहज रुपमा खाना पकाउने ग्यास पाउन सकेका छैनन् भने पछिल्लो समयमा सरकारकै नीति कारण चिनीको हाहाकार भएको छ । साल्टट्रेडिङ कर्पोरेशनले बेलैमा आपूर्ति मन्त्रालयलाई आफूसँग चिनीको मौजाद सकिन लगेको हुनाले आयत गर्न अनुमति मागे पनि आपूर्तिमन्त्रीको नालायकीपनका कारण कुनै निर्णय हुन नसकेको र अर्थ मन्त्रालयले सिधै मन्त्रिपरिषद्बाट निर्णय गराउने परम्परालाई तोडेर फाइल आपूर्ति मन्त्रालयमै फिर्ता पठाइदिएको हुनाले उसले फेरि निर्णयका लागि मन्त्रिपरिषद्मा पठाउनु पर्ने र त्यहाँबाट निर्णय भई अन्य प्रक्रिया पुरा गर्दा छिटोमा २ महिना लाग्ने हुनाले अब बजारमा चिनीको मूल्यले समेत आकाश छुने निश्चित जस्तै छ । सामान्य जनतादेखि सबैले प्रयोग गर्ने अत्वावश्यकीय खाद्यपदार्थको सुलभ आपूर्ति गर्न नसक्ने सरकारले ठूलाठूला डंक पिटेर यसो गर्छु, उसो गर्छु भन्नु जनतालाई झुक्याउने खेलबाहेक अन्य केही हुन सक्दैन ।*

*मरिचमान सिंह श्रेष्ठ प्रधानमन्त्री भएका बेला २०४३/४४ सालमा पनि मोरङको बयरबनलगायत मुलुकका अन्य ठाउँमा पेट्रोलियम पदार्थको अन्वेषण गरिएको थियो । पश्चिमका केही पहाडी जिल्लाहरुमा फलाम खानी रहेको स्वीस विज्ञहरुले अन्वेषणबाट पत्ता लगाएका थिए । मोरङको बयरबनमा पेट्रोल खानी भएको भएता पनि लागतको अनुपातमा मूल्य नउठ्ने भन्दै त्यसबेला बन्द गरिएको पोट्रोलियम पदार्थको अन्वेषण पुनः सुरु गरेर सरकारले जस लिन खोजेको छ । ओली नेतृत्वको सरकारले त पहिला नै भए गरेका र असफल भएका कार्यहरु मात्र अघि सारेर आफू फोहोरको थुप्रोमा बसेको हुनाले अब यस सरकारबाट जनताले कुनै आशा नगरे हुने भएको छ । उखानतुक्का जोडेर मात्र जनताको पेट भरिँदैन भन्ने हेक्का प्रधानमन्त्रीमा हुनुपर्ने होइन र ?*

# खोक्रो नाराले जनताको पेट भरिंदैन

देवेन्द्र चुडाल

केपी ओली नेतृत्वको सरकारले आफ्नो नेतृत्वमा पहिलो बजेट ल्याउने तयारी गरिरहेको छ । बजेटपछि सरकारको नेतृत्व परिवर्तन हुने सम्भावनाका कारण ओली सरकार लोकप्रिय थियो भन्ने जनतामा पार्न लोकप्रिय बजेट ल्याउने तयारी गरिरहेको छ । सरकारले ल्याउन लागेको बजेट वितरणमूखी हुने र प्रायः असम्भव कुराहरू बजेटमा राखेर ल्याउन लागिएको हुनाले कहीँ कतैबाट सूचना चुहावट नहोस् भनेर गोपनियतामा समेत ध्यान दिइएको अर्थमन्त्रालय सुत्रले दाबी गरेको छ । अर्थमन्त्री र अर्थसचिवले त्यस्ता कार्यक्रमहरूका बारेमा मन्त्रलायबाहिर गएर गोप्य ठाउँमा आफूनिकट व्यक्तिहरूसँग छलफल गरिरहेका छन् । प्रधानमन्त्री केपी ओलीले समेत आफ्नो नेतृत्वको सरकारले मुलुकको कायापलट गर्ने बजेट ल्याउन लागेकाले प्रमुख प्रतिपक्षीलगायत अन्यले आफ्नो विरोध गरिरहेको बताउँदै आएका छन् ।

केपी ओली नेतृत्वको सरकारले २०७२ वैशाख १२ गते र त्यसपछि आएको भूकम्पले गर्दा पीडित भएका जनतालाई पर्याप्त राहतसम्म दिन नसकिरहेका बेला पछि आउने सरकारलाई संकटमा पार्न वितरणमूखी बजेट निर्माण गरिरहेको छ । भूकम्प पीडित जनताले यसपालीको वर्षायाममा समेत आफ्नो घरमा बस्न नपाउने सम्भावना बढेर गएको अवस्थामा हावादारी कार्यक्रम राखेर बजेट निर्माण गर्नुको कुनै औचित्य देखिँदैन । प्रधानमन्त्रीले केही महिना पहिला उद्घोष गरे, अब उपत्यकाका प्रत्येक घरहरूमा ग्यासको पाइप पुऱ्याइदिने । तर आजसम्म त्यस विषयमा कुनै काम भएको छैन । सरकारले उपत्यकाबासीलाई खानेपाली समेत पुऱ्याउन नसकेको अवस्थामा उडन्ते कुरा गरेर एक दुई वर्षभित्रैमा खाना पकाउने ग्यासको पाइप प्रत्येक घरमा पुऱ्याउने उद्घोष गर्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान मात्र हो । भूकम्पपीडित जनतालाई उपलब्ध गराउने भनिएको दुई लाख रूपैयाँ अनुदानसम्म उपत्यकाकै जनताले पाउन सकेका छैनन् । जाडोमा सरकारले न्यानो कपडाका लागि दिने भनेको १० हजार रूपैयाँसम्म सरकारले व्यवस्थित तवरले पीडितलाई वितरण गर्न सकेन् । अन्य जिल्लाहरूमा परै जाओस् काठमाडौं, ललितपुर र भक्तपुरकै जनताले १० हजार रूपैयाँआजसम्म नपाएको गुनासो गरिरहेका छन् । सरकारले ल्याएको आफ्नो नीति तथा कार्यक्रम पनि हावादारी नै रहेको छ । वेरोजगार युवायुवतीलाई शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण उपलब्ध गराउने सरकारको निर्णयलाई कुनै बैंकहरूले पनि स्वीकार गरेका छैनन् । वित्तीय संस्थाहरूका अनुसार जनताको पैसा शैक्षिक प्रमाणपत्र धितो राखेर लागनी गर्न सक्ने हैसियत कुनै बैंकहरूसँग छैन । राष्ट्रबैंकले समेत अहिलेसम्म त्यस विषयमा कुनै कार्यविधि नै बनाएको छैन । शैक्षिक प्रमाणपत्र धितो राखेर सरकारले जमानी बस्ने र साँवा-ब्याज पनि तिरिदिने ग्यारेण्टी सरकारले गरेको खण्डमा मात्र शैक्षिक ऋण दिन सक्ने वित्तीय संस्थाहरूले राष्ट्रबैंकलाई जानकारी गराएका छन् भने राष्ट्रबैंकले आजसम्म त्यस विषयमा कुनै छलफल र बहसै नचलाएको हुनाले वित्तीय संस्थाहरूलाई ऋण सम्बन्धी कुनै निर्देशन नै दिएको छैन । भूकम्पपीडितलाई सामान्य राहतसम्म दिन नसकेको सरकारले शैक्षिक प्रमाणपत्र धितो राखेर बेरोजगार युवलाई ऋण उपलब्ध गराउन सकिन्छ भन्नु फेरि अर्को लुट मात्र हो । तत्कालिन अर्थमन्त्री डा.प्रकाशचन्द्र लोहनीले २०४० सलामा समेत यस्तै घोषणा गरेका थिए, तर उनले आफ्नो घोषणा कार्यान्वयन गराउन सकेनन् । पछिल्लो समयमा झण्डै १० लाख शैक्षिक बेरोजगार युवायुवती रहेको सरकारी तथ्यांक छ । १० लाख युवायुवतीलाई शैक्षिक प्रमाणपत्र धितो राखेर के ५-१० हजार ऋण दिने ? यसरी ओली नेतृत्वको सरकारले आफू लोकप्रिय हुनका लागि र अर्को सरकारलाई दाबब परोस भन्नका लागि मात्र हावादारी कार्यक्रम घोषणा गरेको प्रष्ठ देखिएको छ । आफ्नो सरकारको आयु अर्काको हातमा रहेको सरकारले असम्भव कुराहरू राखेर हावादारी नीति तथा कार्यक्रम घोषणा गर्नु र त्यही कार्यक्रमका आधारमा बजेट ल्याउने प्रयास गर्नुले भविष्यमा अर्को आर्थिक संकट आउन सक्ने सम्भावना बढेर गएको छ ।

संविधान निर्माणकै क्रममा आफ्ना मागहरू सम्बोधन नभएको भन्दै तत्कालिन संविधानसभा छाडेर आन्दोलनमा गएका केही मधेसवादी दलहरू अहिले पनि आन्दोलनमै छन् । त्यही मधेस आन्दोलनलाई देखाएर भारतले झण्डै ६ महिनासम्म अघोषित नाकाबन्दी लगाएको थियो । त्यो नाकाबन्दीले गर्दा झण्डै २२ खर्बको क्षति भएको सरकारी तथ्यांक छ भने भूकम्पले गर्दा ८ खर्बको क्षति भएको सरकारले स्वीकार गरेको छ । मुलुकको अर्थतन्त्रमा परेको संकटलाई कसरी समाधन गर्ने भन्दा पनि कसरी आफ्नो सरकारको आयु बढाउने र जसरी भएपनि आफू लोकप्रिय हुने उदेश्यले मात्र नीति तथा कार्यक्रम र बजेट समेत ल्याउन लागिएके हुनाले त्यसले भविष्यमा अर्को आर्थिक संकट ल्याउने सम्भावना बढेर गएको छ । अहिले पनि जनता महँगीको मारमा परेका छन् । इन्धनलगायत ग्यासको सहज व्यवस्थापन गर्न सरकार असफल भएको छ । पार्टीगत स्वार्थका लागि मात्र सरकार सञ्चालित भएको छ । सरूवा, बढुवा र नियुक्तीमा सक्षम, योग्य, इमान्दारभन्दा पार्टीका लठैतहरूलाई प्रश्रय दिइएको छ । सबैतिर कनिका छरिएझै बजेट छर्ने उद्देश्यले बजेट ल्याउन लागिएको हुनाले त्यसो नगर्न विज्ञहरूले सरकारलाई सचेत गराइसकेका भएपनि उनीहरूको भनाई सरकारले सुन्न सकेको छैन । प्रमुख प्रतिपक्षी दललाई पूर्णरूपमा वेवास्ता गरिएको छ । संसदको एउटा नियमावलीसम्म बनाउन नसक्ने सरकारले अब हिन्द महासागरमा नेपाली झण्डा फहराएर पानी जहाज कुदाउने सपना जनतालाई बाँडेको छ । जनताको ध्यान अर्कोतिर मोड्नका लागि ठूला ठूला सपनाहरू देखाउन भने ओली सरकार क्षणिक रूपमा सफल नै भएको स्वीकार गर्नै पर्छ ।

मनमोहन अधिकारी प्रधानमन्त्री भएका बेला घोषणा गरिएका केही राम्रा कार्यक्रमहरूलाई त्यसपछिका सरकारलेहरूले समेत कार्यान्वयन गरेका थिए र उनीहरूले त्यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिएका थिए । अहिले त्यस्ता कार्यक्रमहरूमा पहिलाको भन्दा दोब्बर रकम वृद्धी हुनसक्ने सम्भावना रहेको छ । सामाजिक सुरक्षामा रकम बढ्न सक्छ । समाजिक सुरक्षा भत्तामा भएका विकृतिहरूलाई हटाउन सके त्यसले फाइदा नै पुग्न सक्छ । तर एउटा गाविस सचिवले दुई/तीन गाविसको काम गर्नुपर्ने अहिलेको अवस्थामा जतिसुकै रकम बढाएपनि त्यसले प्रतिफल दिन सक्दैन । पहिला सबै गाविसहरूमा सरकारले सचिवको व्यवस्था गर्नु आवश्यक छ । आफ्ना कर्मचारीहरूलाई सही रूपमा परिचालन गर्न नसक्ने सरकारले भ्रष्टाचार कसरी रोक्न सक्छ । भूकम्पपीडितहरूका लागि जिल्लामा गएको रकममा समेत भ्रष्टाचार भएको समाचार हरू प्रकाशित भएका छन् । पुनर्निर्माण प्राधिकरणमा सरकारी उच्चतहका कर्मचारी मात्र नभएर तल्लो तहका कर्मचारीहरू समेत जान मान्दैनन्, सरकार आफैंले दरबन्दी स्वीकृत गरेको प्राधिकरणमा दरबन्दी अनुसारका कर्मचारी पठाउन नसकेको अवस्थामा ठूला ठूला कुरा गरेर जनतालाई झुक्याउनु भन्दा गर्न सक्ने कुरा मात्र गरेर ती कार्यहरू पुरा गर्नु उचित हुन्छ । सर्वोच्च अदालतले स्थानीय निकायको निर्वाचन गर्न पटक-पटक सरकारलाई परमादेश दिएपनि स्थानीय निकायको चुनाव हुन सकेको छैन । संविधानले नै राज्यको पुनर्संरचना गर्ने व्यवस्था गरेनुसार राज्य पुनर्संरचना आयोग सरकारले गठन गरिसकेको छ । आयोगको म्याद एक वर्ष हुने संवैधानिक व्यवस्था अनुसार २०७३ फागुनमा मात्र आयोगले प्रतिवेदन सरकारलाई बुझाउने हुनाले मंसिरमा कसरी चुनाव सम्भव हुन्छ ? मधेसवादी दलहरूले आन्दोलन गरिरहेका र उनीहरूका मागहरूका बारेमा सरकार गम्भीर नभएको हुनाले तराईमा अहिलेकै अवस्थामा निर्वाचन सम्भव छैन । निर्वाचन अयोगले समेत निर्वाचनका लागि आवश्यक नियम कानुन निर्माण गर्न सरकारलाई आग्रह गरिसकेको र नियम कानुन निर्माण भएपश्चात निर्वाचनको तयारीका लागि कम्तीमा तीन महिना चाहिने आयोगले सरकारलाई जानकारी गराइसकेको छ । यदि साच्चिकै मंसिरमै निर्वाचन गर्ने हो भने सम्पूर्ण कानुनहरू साउनभित्रमा निर्माण भइ लागू भइसक्नु पर्छ । के त्यो सम्भव होला ?

सत्तामा रहेको एमाओवादीसँग वैशाख २३ गते मध्यरातमा भएको अलिखित सहमति अनुसार बजेटको घोषणापछि प्रधानमन्त्री केपी ओलीले राजिनामा दिने र उनैले एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्रीका रूपमा प्रस्ताव गर्ने सहमति भएको सुनिएको हुनाले ओली सरकारको आयु असार मसान्तसम्म मात्र रहेको अवस्थामा न त मधेसवादी दलहरूले उठाएका गमाहरू सम्बोधन हुने न त निर्वाचन नै । पछिल्लो समयमा कर्मचारी तन्त्रमा समेत अनुशासन हराएको छ । पार्टीगत स्वार्थका लागि कर्मचारीहरू सञ्चालित भएका छन् । आफ्नो पार्टी सरकारकामा आउँदा राज्यबाट फाइदा लिन कर्मचारीहरू तँछाड मछाड गरेर लाग्ने गरेका हुनाले जनताका काम सहज रूपमा हुन सकेका छैनन् ।

अहिले लोकतन्त्रलाई देखाएर ब्रम्हलुट मच्चाइएको छ । त्यसको प्रत्यक्ष प्रमाण हो, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रत्येक दिन भ्रष्टाचारीहरू रंगेहात समाउनु र विशेष अदालतमा मुद्दा दर्ता गुर्न । पछिल्लो समयमा अख्तियारले मात्र लोकतन्त्रको मर्मलाई बचाइदिएको छ । अख्तियार प्रमुख लोकमानसिंह कार्कीका कतिपय क्रियापकलाप आलोच्य भएपनि समग्रमा उनले राम्रो काम गरेको जनताले भन्न थालेका छन् । तर, प्रजातन्त्रको ठेकेदार र मसिया भन्नेहरू लोकतन्त्रलाई बद्नामा गर्दै कुर्सीको खेलमा रमाउन थालेका छन् । यहि हो त लोकतन्त्रको मर्म र धर्म ?

*devendrachudal@gmail.com*

# किन बढ्दै छ राजतन्त्रको चर्चा


राजन कार्की

संविधान कार्यान्वयन हुन नसक्नु र राजनीतिक दलहरूले देश र जनताका समस्याहरूलाई संबोधन गरेर निकास दिन नसक्नुका कारणले राजतन्त्रको चर्चा ह्वात्तै बढेर गएको छ । हाम्रो समाजमा लोकोक्ति छ- १२ वर्षमा खोलो फर्कन्छ । कुकुरको पुच्छर १२ वर्ष ढुंग्रोमा हाले पनि बाङ्गाको बाङ्गै । जनताप्रति जिम्मेवार राजनीतिमा नफर्कने र यसैगरी स्वार्थन्ध भएर चल्ने हो भने ८ वर्षमै खोलो फर्कन सक्छ । दुबै लोकोक्ति सही साबित हुनसक्छ । यो वातावरण अरूले होइन, जो परिवर्तनका बाहक रथी, महारथी थिए, तिनैले बनाइरहेका छन् । जनताले, नागरिक समाजले, बुद्धिजीवीहरूले, विश्वले भनिरहेका छन्- भ्रष्टाचारमय भयो नेपाल । राजनीतिक दलहरू प्रशासकसँग मिले भ्रष्टाचार गरिरहेका छन्, तिनले विश्वचिन्तालाई, जनताको आक्रोसको समेत कुनै मतलव गरिरहेका छैनन् । लाग्छ, हाम्रा नेताहरूले परिवर्तन जनताका लागि, देशका लागि होइन, आफ्ना लागि गरेका रहेछन् । सत्ताका लागि जनयुद्ध र जनआन्दोलन भएको रहेछ । यो प्रमाणित भइसक्यो । यो स्थिति भनेको हाम्रो समाजको लोकोक्ति कति सत्यमा आधारित रहेछ भन्ने नै हो ।

पूर्वराजाले पहिलोपल्ट जनताको भीडलाई संबोधन गरेर भनेका छन्- केही समय पर्खनोस् । अर्थात पूर्वराजाको धैर्यता बाँध फुट्न लागेजस्तो छ । गणतान्त्रिक राजनीति रूखमा ऐंजेरू लागेझैं देशलाई अवरूद्ध, अराजक र अस्थिर पारेको हेरिरहेका पूर्वराजाले अब केही कदम चाल्ने सोच बनाएको अनुभूति गर्न सकिन्छ ।

नुवाकोट भगवतीको पूजा सकेर फर्केका पूर्वराजा ज्ञानेन्द्र जेठ ७ गते पूर्वको झापातिर लागेका छन् । वीपी राजमार्ग भएर झापा जाने क्रममा सिन्धुलीका जनताले पूर्वराजालाई बाटै छेकेर रोके, जयजयकार गरे, फूलमाला दिए र नारा लगाए- राजा आउ देश बचाउ ।

जनताको यो पीडा बुझ्नका लागि भारी छ ।देशको भार राजनीतिक दलहरूले नउठाएका कारण जनतामा नैरास्यता छाएको हो । लोकतन्त्रको गरिमा र महिमाविपरितका राजनीतिक दल र नेताहरूको क्रियाकलापबाट निरास बनेका जनताले राजालाई गुहारेका हुन् ।

राम्रो काम गरेका भए, लोकतन्त्रले नेतृत्व जन्माएको भए, राजनेता देशमा विकसित हुनसकेको भए ८ वर्षपछि पनि पूर्वराजाप्रतिको यस्तो आकर्षण कायम रहने थिएन । कति शोषण, दमन र मनपरी गरेछन् राजनीतिक दलहरूले भन्ने यो भन्दा अरू प्रमाण खोजिरहनु पर्दैन । हुन पनि भूकम्पको महामारीको विपतलाई समेत राजनीतिक दलहरूले कमाउने मौका बनाए । विवेकशून्य राजनीति कतिसम्म गैरजिम्मेवार र नैतिकहीन भइसकेछ । राजनीति र कर्मचारीतन्त्रको मिलोमतोमा आज मुलुक जसले जतिसक्छ लुटे हुन्छ भन्ने स्थितिको विकास भइसकेको छ । नियम र कानुनको परिधि देखाउनका लागि मात्र कायम छ । संविधान कागजमा सिमित हुनपुगेको छ । जता हेरे पनि राजलाँनीतिक भागबण्डामात्र देखिन्छ । लोकतन्त्र राजनीतिक नेताहरूको सिण्डिकेटले गर्ने लूटतन्त्र बन्न पुगेको छ । मर्ता क्या नही करता, डुबेतको तिन्केका सहारा छन् ।आम सर्वसाधारण झापा नै घन्किने गरेर नारा लगाइरहेका देखिन्छन्- हाम्रो राजा हाम्रो देश ।

राजधानीको राजनीतिक रकूटनीतिक बृत्तमा पूर्वराजा ज्ञानेन्द्रले सर्वसाधारणसँग सबै कुराको समय र महत्व हुन्छ, जनताको मनोभावना बुझेको छु, केही समय पर्खनुहोस् भनेको के हो ? भनेर अभब्यक्तिको अर्थ खोज्न थालेका छन् ।

तीतो सत्य कुरो के हो भने गणतन्त्र, धर्मनिरपेक्षतासहितको परिवर्तनको प्रमुख पक्ष भनेको राजतन्त्र नै हो । जबसम्म राजतन्त्रसँग वार्ता गरिन्न, परिवर्तनका लागि सहयोग मागिन्न अथवा राजतन्त्रलाई उचित सम्मानित स्थानमा राखिन्न, तवसम्म द्वन्द्व रहिरहन्छ, निकास निस्कन्न । परिवर्तनको प्रमुख पक्षलाई किनारा लगाएर राजनीतिक दलहरू शान्तिका नाममा देश लुटिरहेका छन् । यो साँढेतन्त्रमा ब्रेक लाग्नेपर्छ । अन्यथा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता राजनीतिक मुद्दा बनिरहनेछ र अस्थिरता यही तरिकाले बढ्छ, देश अस्तव्यस्त

**गणतन्त्र, धर्मनिरपेक्षतासहितको परिवर्तनको प्रमुख पक्ष भनेको राजतन्त्र नै हो । जबसम्म राजतन्त्रसँग वार्ता गरिन्न, परिवर्तनका लागि सहयोग मागिन्न अथवा राजतन्त्रलाई उचित सम्मानित स्थानमा राखिन्न, तवसम्म द्वन्द्व रहिरहन्छ, निकास निस्कन्न । परिवर्तनको प्रमुख पक्षलाई किनारा लगाएर राजनीतिक दलहरु शान्तिका नाममा देश लुटिरहेका छन् ।**

भनेझैं यहीकारणले जनताले आशाको किरण पूर्वराजामा देखेका हुन् र राजतन्त्र जिन्दावाद भन्ने नारा लगाएका हुन् ।

जनताको नाराको जवाफमा पूर्वराजाले तपाईहरूको मनोभावना बुझेको छु, केही समय पर्खनुहोस् भन्ने जवाफ दिएर स्वागत स्वीकार गर्दै झापातिर लागे । पूर्वराजा मोटरबाट ओर्लिएका भए, सक्रिय राजनीति गर्न मन गरेका भए सिन्धुलीबाटै राजतन्त्रको पुनर्स्थापनाको जनआन्दोलन सुरू हुनसक्थ्यो भन्छन् विश्लेषकहरू । जनता तैयार छन् विद्रोहका लागि, पूर्वराजालाई साथ दिनका लागि तर पूर्वराजा अझै राजनीतिक नेतृत्व सुम्हिन्छ कि भन्नेमा अडेका छन् ।

झापा पुगेपछि पनि हिमालयन टी गार्डेनका वरपर जनताको भीड लागेको छ । राप्रपा, राप्रपा नेपालका कार्यकर्तामात्र होइन, विभिन्न दलका कार्यकर्ताहरूसमेत पूर्वराजासँग भेट्न, केही कुरा गर्न लालायित देखिएका छन् । पूर्वराजाले आफू सक्रिय राजनीतिबाट जतिसुकै अछुत र पर बस्न चाहे पनि भेला भएका आमनागरिकले पूर्वराजालाई उत्साहित र प्रेरित गर्न कुनै कसर बाँकी राखेका छैनन् । तैपनि पूर्वराजा संयमित भइरहेका भइरहनेछ ।

पूर्वराजाले अहिलेसम्म सक्रिय राजनीतिक चासो देखाएका छैनन् । उनलाई सडकमा उतार्न जनता लागिरहेका छन् । पूर्वराजा अझै पनि देशमा शान्ति र कानुनव्यवस्था कायम होस्, शान्ति र प्रगतिको मार्ग प्रशस्त होस् भनेर आफूप्रति दुर्भावना राख्ने राजनीतिक दलहरूको विवेकको बिर्को खुलोस् भन्नेमै छन्तर दलहरूभित्र अहंकार र पूर्वाग्रह यसरी कुट कुट भरिएको छ कि उनीहरू देशमा अर्को नरसंहार भए होस् भनेर स्वार्थमा लिप्त भएर सत्ता, शक्ति र सम्पत्तिमा दाँत गाडिरहेका छन् । जनतामाथिको अन्याय बढेर जनताको धैर्यताको बाँध बिस्तारै फुट्न थालेको छ । मधेस र जनजातिलाई चिढाएर सत्ताधारीले जुन नकाम गरेका छन्, संविधान असफल पारेका छन्, त्यही नकामले पूर्वराजा सडकमा उत्रने स्थिति बनाएको छ ।

राजनीतिक दलहरूले अझै पूर्वराजाको संयमताको अर्थ बुझेका छैनन् । पूर्वराजालाई यथास्थान दिनुपर्छ भन्नेतिर सोचेकै छैनन् । पूर्वराजाले राजधानीको तीन सहर पैदल हिड्नुमात्र पर्छ, जनता कता छन्, जनता के चाहन्छन्, जनताको मत के हो ? जनबल र जनादेश कस्तो हुन्छ, त्यसको नजारा विश्वले देख्नेछ । त्यसैले राजनीतिक दलहरूले शान्ति र परिवर्तनको मुख्य तत्व पूर्वराजाको सहमति र पूर्वराजासँग सहकार्य गर्नु नितान्त जरूरी छ । पूर्वराजाको सहयोग बिना गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता कुनै पनि हालतमा राष्ट्रिय जीवन पद्धति बन्नेसक्दैन । अहिले मधेसी र जनजातिको संघीय गठबन्धनलाई धान्न लोकतान्त्रिक शक्तिहरूलाई धौ धौ परेको छ । जारी संविधान कागजमा सिमित हुनपुगेको छ । पूर्वराजा सडकमा निस्केका दिन यी भ्रष्टाचारमा चुर्लुम्म डुबेकाहरू वल्लो तीर न पल्लो किनारका यात्रु बन्नपुग्नेछन् ।

कटु यथार्थ के हो भने जति पनि ठुला राजनीतिज्ञ र प्रशासक तथा तिनका आउरेबाउरे धुपौरेहरू छन्, ती सबैसँग अमेरिका, अष्ट्रेलिया, युके, क्यानडाजस्ता मुलुकका ग्रीनकार्ड, भिसा लगाएको पासपोर्ट छ । सकेसम्म देशलाई निचोरेर खाने, कुनै दिन कुनै दुर्घटना अथवा असुरक्षाको अनुभव भयो कि देश छाडेर भागिहाल्ने मनस्थितिमा छन् यिनीहरू । यहीकारण यी भ्रष्टाचारीहरू जे जे हुन्छ होस् भनेर स्वार्थलम्पट बनेका हुन् । राजनीति र प्रशासनमा अधिकांश देशभक्त छैनन् । यहीकारणले मन्त्रिपरिषद, अदालतजस्ता संवैधानिक निकाय, राजदूत, न्याय परिषद जता पनि राजनीतिक भागबण्डामा नियुक्तिहरू भइरहेका छन् । राम्रा जता जाउन्, हाम्राले अवसर पाउनुपर्छ भन्ने मत नेताहरूको छ । यस्तो राजनीति र प्रशासन कसरी देशभक्त हुनसक्छ । यो त लेण्डुप नियति हो, जुन महामारी नेपालको राज्य सञ्जाल सबैतिर सल्केको छ । यो महामारी रोक्ने एउटा पनि नेता अथवा प्रशासक नेपाली हुँ भनेर उभिन सकेको छैन ।

अनि जनता निराश नभए के हुन्छन् ? आमनागरिकको संरक्षण गर्ने कोही पनि छैन । पहुँच नभएका नागरिक असहाय हुनु भनेको देश असहाय हुनु हो । यही असहायहरूको झुण्ड लस्कर बनिसकेको छ र त्यो लस्करले नारा लगाउन थालेको छ- राजा आउ देश बचाउ । पूर्वराजाले पनि पर्ख भनेर पहिलोपल्ट जनतालाई आश्वासन दिएका छन् । राजनीतिक बर्ग सचेत भएनन् र खन्चुवा, भ्रष्ट बानी सुधारेनन् भने देशको राजनीतिले छिटै यूटर्न लिन्छ भन्नेमा अवचाहिँ शंका नगरे हुन्छ ।


## दूरसञ्चार सेवाको प्रयोग सम्बन्धमा बुझिराख्नु पर्ने केही कुराहरु

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोवाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरु मा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोवाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोवाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोवाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनु होस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनु होस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोवाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोवाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

**नेपाल दूरसंचार प्राधिकरण**
कमलादी, काठमाडौं, नेपाल
फोनः ४२५५४७४, फ्याक्सः४२५५२५०,पो.ब.नं.: ९७५४
ई-मेलः ntra@nta.gov.np वेभसाइटः www.nta.gov.np



# दिशाविहीन मधेशको राजनीति

*उपेन्द्र झा*

शदियौंदेखि भेदभावमा परेको मधेश मुक्तिको संघर्ष गर्दै आयो । कहिले वर्गीय चिन्तनको प्रजातान्त्रिक समाजवादको संघर्षलाई आफ्नो मुक्तिको बाटो रोज्यो भने कहिले वर्गीयसत्तालाई ध्वस्त पार्ने साम्यवादी संघर्षलाई मुक्तिको लक्ष्य बनायो । मधेश निरन्तर मुक्तिको संघर्षलाई आफनो रगतबाट सिंचित गर्दै आएको छ । तर न नेपाली काँग्रेसले न कम्युनिष्टहरूले मधेशको समस्याप्रति ईमान्दार बने । फलतः संघर्षको निरन्तरतामा मधेश खारिदै आफनो नेतृत्वको विकास गऱ्यो ।

पैतालामुनि परेको कमिला जस्तै अस्तित्वहीन मधेशले जब आफनो नेतृत्वको विकास गरि०६३ माघको आन्दोलनलाई सतहमा ल्यायो, राज्यसत्ता थर्कमान भयो । भिन्न भिन्न विचारका राजनीतिक दलहरु मधेशको विद्रोहलाई रोक्न सबै एकजूट भए । त्यहाँ वैचारिक भिन्नता देखिएन । सबै खतराजनक अस्तित्वको सुरक्षार्थ वर्गीयहित चिन्तनमा एकै ठाउँमा उभिए । राज्यसत्ताले यथार्थ बुझ्न मधेशको अध्ययन नगरि मधेशलाई दबाउने दिशामा अनेक नैतिक अनैतिक षडयन्त्र गरेर मधेशलाई नियन्त्रणमा लिन खोज्यो । विजित क्षेत्रको रैती सरह मधेशलाई हेर्ने भिन्न भिन्न शासकको समान दृष्टिकोण रहेका कारण मधेशले संघर्षको विकल्प देखेन । जुन अनुपातमा सत्ताले मधेशलाई दबाउन खोज्यो मधेश सोही अनुपातमा जागृत हुँदै गयो । राज्यसत्तासंग मधेशको अन्तर्विरोध सुसुप्तावस्थादेखि शुरु भएर अहिले चर्को रूपमा विकास भएको छ । बर्बर सामन्ती युगदेखि संघीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म मधेश र राज्यसत्ताबीचको अन्तर्विरोध मेटिएर भावनात्मक एकतामा बाँधिनुको सट्टा छुट्टिने अवस्थाको अन्तर्विरोध विकसित भएको छ । पहिलादेखि शासकवर्गहरु संघीय लोकतान्त्रिक गणतन्त्र प्रणालीमा आउँदा जनताप्रति कति उदार भएका छन् स्पष्ट छ ।

मधेशको संदर्भमा शासकीय मनोवृतिमा किञ्चित पनि परिवर्तन नदेखिएकोले भेदभावको ग्राफ बढ्दै गएको छ । तीव्ररूपमा विकसित हुँदै गएको अन्तर्विरोध मधेशलाई आन्दोलनबाहेक अरु केही सोच्न दिएको छैन । मधेश आफनो पहिचान कायम गरि अधिकार लिन पूर्ण सचेत अवस्थामा छ । मधेशको आन्दोलन पनि जारी छ, उसको समस्या सम्बोधन नहुञ्जेल जारी नै रहन्छ । मधेशको यो धरातलीय यथार्थलाई शासकीय अहंकारले बुझ्नै सकेको छैन ।

यही यथार्थ मधेशलाई नेतृत्व गर्ने दलहरूको लागि दानापानीको स्रोत बनेको छ । राजनीतिक चेतना परिपक्व अवस्थामा रहेको मधेश आफनो अधिकार सुनिश्चित गराउन आन्दोलित हुन्छ र मधेशलाई अधिकार सम्पन्न गराउने क्षेत्रमा कुशल नेतृत्वको विकास हुन नसकेकोले अभ्यासरत् नेतृत्व मण्डली यसलाई अवसरको रूपमा प्रयोग गरि व्यक्तिगत स्वार्थ पूरा गर्ने माध्यम बनाएका छन् । आन्दोलनलाई गन्तव्यसम्म नेतृत्व दिने योग्यताको अभावमा, दिशाविहीनतामा रूमल्लिएको मधेशको राजनीति अगुवाहरूको लागि उर्वरभूमि बनेको छ । मधेशको दिशाविहीन आन्दोलनको अवस्थाबाट अगुवाहरूलाई हरेक क्षेत्रबाट फायदा हुने भएकोले यही अवस्थामा सबै रमाएका छन् । यो अवस्थामा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा क्रान्तिकारी छवि बरकरार रहने, राज्यसत्तालाई परेको बेला आन्दोलनको धम्की दिई "बार्गेनिङ" गर्ने, मधेशको परिवर्तनकारी चाहनालाई आफनो कब्जामा राखि राख्ने चौतर्फी फयदाको राजनीतिभन्दा आन्दोलनलाई गन्तव्यमा पुऱ्याएर राजनीतिको इतिश्री कुन मूर्खले गर्ला ।

मधेश आन्दोलनलाई निष्कर्षमा जान नदिन राज्य जसरी अनेकानेक षडयन्त्रमा दिमाग लगाएको छ त्यसरी नै आन्दोलनलाई गुमराह गर्न मधेशका राजनीतिक अगुवाहरु पनि लागि परेका छन् । कुशल नेतृत्वको विकास हुन नसकेको अवस्थामा जन्मिने खुराफाती दिमागले गर्ने काम पनि यही हो । आन्दोलनलाई अझ भ्रमित गर्न दीर्घकालसम्म साम्य हुन नसक्ने जातीय राजनीतिलाई प्रोत्साहन दिई त्यसैको नेतृत्व गर्न रमाएका छन् । नेतृत्वगणहरूमा मधेशको अधिकारभन्दा आफनो अधिकार नै प्यारो लागेको छ । मधेशको राजनीतिमा १० वर्षको सक्रिय अभ्यासमा लागेका अगुवाहरूमा समग्र मधेशलाई अंगाल्न सक्ने क्षमताको विकास हुन नसक्नु मधेशको ठूलो दुर्भाग्य हो । जातीगत पार्टी बनाएर पारस्परिक जातीय सद्भाव खल्बलाउने किसिमको राजनीतिले मधेशको मुक्ति आन्दोलनलाई मात्र अवरूद्ध गरेको छैन, अगुवाहरूबीच अस्वस्थ प्रतिस्पर्धाका कारण पारस्परिक मेल हुन सकेको छैन । नेतृत्व विवादले संयुक्त मधेशी मोर्चा र संघीय गठबन्धनबीच तनावको स्थिति रहेकोले घोषणा गरिएको आन्दोलनको अवस्था कस्तो रहला ? विचारणीय छ ।

आन्दोलनको धरातलीय मजबूतीको अभावमा यसको सार्थकतामाथि प्रश्न चिन्ह लाग्छ । तैपनि आफनो आफनो कित्ताबाट आन्दोलन गर्ने निर्णय लिनु राजनीतिक वृतमा आफनो उपस्थिति देखाउनुबाहेक अरु केही नभएको कटु यथार्थ हो । अधिकार प्राप्तिको दिशामा यो आन्दोलन बढ्नै सक्दैन । उत्कर्षको आन्दोलन बिना कारण फिर्ता लिएर पूर्वावस्थामा आउँदा त्यो आन्दोलन यति चाँडो फेरि निर्णायक बनाउने बरदान सम्भवतः कुनै नेतृत्वले प्राप्त गर्न सकेको छैन । संगठित भएर यही आन्दोलन ल्याउन मधेशलाई ८ वर्ष लाग्यो । बिना निष्कर्ष आन्दोलन किन फिर्ता भयो भन्ने सम्बन्धमा नेतृत्व मण्डलीले जनतालाई सुसूचित गर्न आफनो नैतिक दायित्व पनि ठानेन । कुनै उद्देश्यका साथ आन्दोलन गर्दा शक्ति संचय हुँदै आन्दोलन उर्जावान् हुन्छ भने सोही अनुपातमा शक्ति क्षीण हुने प्रक्रिया पनि चलि रहन्छ । प्रोत्साहन र हतोत्साह समदूरिमा प्रक्रियागत अघि बढि रहने र आन्दोलन सोही बमोजिम बढ्ने घट्ने नियम अन्तर्गत चलि रहन्छ । यो कुनै गाडीको इंजिन होईन, गियर बदलेर पुनश्च वेगवान बनाउने । मधेशलाई हतोत्साहित बनाएर निर्णायक आन्दोलनको कुरा गर्नु राज्यले मधेश आन्दोलनसंग मूसा विरालोको खेल खेल्नुभन्दा पृथक होईन ।

आन्दोलनको आफनो नियम हुन्छ । राजनीतिक चेतना, परिवर्तनको चाहना, संगठन र शत्रु शक्तिसंगको सम्बन्ध आदि तत्वले आन्दोलनको दिशालाई निर्धारण गर्छ । राजनीतिक अगुवाहरुले अन्तर्विरोधको अवस्थालाई राम्ररी अध्ययन गरि रहेको हुन्छ । परिवर्तन चाहने समाजको परिपक्व अवस्थाले आन्दोलनको जन्म दिन्छ र पुरानो अवस्थाबाट समाज नयाँ अवस्थामा परिणत हुन्छ । यो प्रक्रियामा दुई शक्तिबीचको संघर्षको मात्राले उपलब्धिको परिमाणलाई निर्धारण गर्दछ । कुनै कुनै बेला हामी बदलेको अवस्था त पाउँछौं तर अपेक्षित उपलब्धि पाउँदैनौ । यो सबै संघर्षको मात्रामा आधारित छ ।

मधेश मुद्दाको विरूद्ध गैरमधेशी शीर्ष राजनीतिक दलहरुद्वारा सहज राजनीतिलाई साजिशपूर्ण ढंगले मोडने प्रयास त छँदै थियो, ओली नेतृत्वको अनुदार गठबन्धनको सरकार आएर देशको कहालीलाग्दो राजनीतिक अवस्था बनाई दिएको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरको सम्बन्ध खल्वलिएको छ । मधेश आन्दोलनलाई बर्बर दमन गरि महेन्द्र राजमार्गभन्दा दक्षिण पठाएको छ । देशको आर्थिक अवस्था दयनीय बनाएको छ । भूकम्प पीडितलाई बाँड्न आएको सहयोगको चामल कुहाएर ?याँकिएको छ । पुनर्निर्माणको कुरा लथालिंग छ । असहज राजनीतिलाई तीव्रतर रूपमा विकास गराएर चारैतिरको द्वन्द्वलाई सतहमा ल्याई दिएको छ । चीन, भारत, अमेरिका र ईयूको नेपाल सम्बन्धलाई असहिष्णु बनाएर सबैलाई समरक्षेत्रको रूपमा नेपालभूमि पस्कि दिएको छ । नेपाली राजनीतिमा अन्तर्राष्ट्रिय चासो बढाई दिएको छ । संक्रमणीयकालको राजनीतिलाई अझ तरलीकृत बनाई देशलाई विकट परिस्थितिमा ल्याएर खडा गरि दिएको सरकारको पतनोन्मुख अवस्थामा नीति तथा कार्यक्रम आएको छ । राजनीतिक रूपले पक्ष र विपक्षलाई तरंगित गर्ने यो सरकारको नीति तथा कार्यक्रम सरकार आफै नरहने अवस्थामा कसले कार्यान्वयन गर्ने ? स्पष्ट छ ।

ओली सरकारको हठवादी चरित्रले नेपाली राजनीतिमा अन्तर्राष्ट्रिय चासो बढाई दिएको छ । सरकार परिवर्तन गर्ने नयाँ समीकरणको थालनीमा प्रचण्डले पनि आफनो ठाउँ कहाँ र कुन अवस्थामा छ भनेर "गेज रिडिङ" गरेको छ । सरकार परिवर्तनको अभ्यास शुरूवात भएपनि राजनीतिक धमिलो पारिएको अवस्थामा यसले के दिशा लिने भन्ने अनुमान गर्न कठीन भई रहेको छ । चीनको प्रभावमा ओली सरकारले भारतसंग सम्बन्ध नै नराख्न गरिएको गतिविधीले नेपाली राजनीतिमा भारतको भूमिका स्वाभाविक रूपमा बढाई दिएको छ ।

भारतले उठाई दिएको मधेशको मुद्दा परिवर्तन हुने नयाँ राजनीतिक परिवेशमा प्राथमिकताका साथ सम्बोधन हुने मूढ चिन्तन व्याप्त छ मधेशमा । सर्वपक्षीय आवाज समेटेर बन्ने समीकरणमा मधेशले "प्राथमिकता" पाउने कि नपाउने भन्ने कुरातिर चिन्तन गर्नु मधेशको अगुवाहरूका लागि वेस हुने थियो । मधेशले उठाएको सीमाँकन सम्बन्धको मुद्दा नै गायब हुने सम्भावना प्रवल रूपमा रहेको कुराप्रति सजग रह्न जरूरी छ । मधेश आन्दोलन यही मुद्दासंग सम्बन्धित रहेको हुनाले मधेशको नेतृत्व मण्डलीको कार्य कुशलताको परिक्षण पनि यसैसंग गाँसिएको छ । मधेश आन्दोलन समक्ष उदार, अनुदार जो प्रवृति प्रगट भएपनि "मधेश" शब्द कसैको लागि आरामदायी वा सुहाउने नरहेकोले यो मित्रतापूर्ण तवरले पनि राजनीतिक परिदृष्यबाट ओझेलमा पर्न जाने सम्भावनालाई नकार्न सकिन्न ।

***(मधेश दर्पण फिचर सेवा)***



# फास्टट्र्याकमा पुँजी व्यवस्थापन

*डा. माधवप्रसाद कोइराला*

सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र काठमाडौं–तराई द्रुतमार्ग (फास्टट्र्याक) आफैँले बनाउने दाबी गरेपछि राष्ट्रिय राजनीति केही तातेको छ । प्रधानमन्त्रीले संसद्मा उठेका प्रश्नको उत्तर दिँदै स्वदेशी प्रविधि र लगानीका हिसाबले काठमाडौं–निजगढ र द्रुत राजमार्ग हामी आफैँ बनाउन सक्षम छौँ भनेर दाबी गरेपछि प्रतिपक्षी नेता तथा कांग्रेस सभापति शेरबहादुर देउवाले यो आयोजना इन्डियन कम्पनी (आइएलएन्डएफसी)लाई नै दिनुपर्ने तर्क गरे । विदेशी कम्पनीमार्फत पिपिपी मोडेलमा अन्तर्राष्ट्रिय व्यवस्थापनबाट बनाउने पहिलेको सरकारको निर्णयमा विभिन्न कोणबाट आलोचना भएका छन् । सरकारले पेस गरेको नीति तथा कार्यक्रममाथि टिप्पणी गर्ने क्रममा पूर्वप्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले 'फास्टट्र्याक' नेपाल आफैँले बनाउने भनाइको विरोध गरे । अघिल्लो सरकारले सो आयोजना अन्तर्राष्ट्रिय बोलकबोलमार्फत विदेशी कम्पनीलाई दिने सहमति भइसकेको हुनाले एकतर्फी सम्झौता भंग गर्दा विदेशी लगानीमा नकारात्मक असर पर्ने उनको दाबी थियो । यो आयोजना नेपालले बनाउन नसक्ने दाबी गर्दै उनले विदेशी कम्पनीलाई दिइसकेको हुनाले त्यसलाई खोस्न नहुने दाबी गरे । साथै, अदालतमा विचाराधीन मुद्दा भएकाले यसमा कुनै निर्णय गर्न नहुने उनको तर्क थियो ।

यथार्थमा यस आयोजनाबाट देशलाई फाइदा पुर्‍याउने कि घाटा ? फाइदा पुर्‍याउने भए कुनै पनि आयोजना लागतका हिसाबले कति लाभदायक छ, प्राविधिक हिसाबले कति दिगो र उपयुक्त छ, सो हेर्नुपर्छ । आयोजनाको जोखिम पक्ष पनि अर्को पक्ष हो । देउवाले दाबी गरेझैँ विदेशी कम्पनीसँग सम्झौता भएर अहिलेको सरकारले तोड्न खोजेको वास्तविकता होइन । हालसम्म नेपाल सरकारको कानुनी दायित्व सिर्जना हुने गरी कुनै सम्झौता भएको छैन । आइएलएन्डएफसी कम्पनीलाई डिपिआर तयार गर्ने अनुमति मात्र सरकारले दिएको हो र उही कम्पनीलाई निर्माण जिम्मा दिने बाध्यकारी सम्झौता र सहमति केही भएको छैन । डिपिआर गर्दाको खर्चसमेत व्यहोर्न नेपाल सरकार बाध्य छैन ।

यो अवधारणा सरल रूपमा परियोजनाको विनालगानी वा लगानीसहितको व्यवस्थापन करार हो । बुट अवधारणा झन्झटिलो र कठिन भएकाले सरल रूपमा पिपिपी अवधारणा अपनाइएको हो । यस अवधारणामा मुख्यतः निम्न विषय समावेश भएका हुन्छन् : पहिलो, व्यवस्थापनमा लगानीकर्ताको पुँजीको स्वामित्व हुन्छ, दोस्रो, लगानीको दायित्व हुन्छ, तेस्रो, परियोजनाका जोखिम लगानीकर्ताको हुन्छ र चौथो, करार अवधि किटानी गरिएको हुन्छ । निर्माण कम्पनी आफैँले आर्थिक स्रोत जुटाएर निर्माण गर्नुपर्ने फास्टट्र्याक निर्माणका लागि सरकारले नै 'सफ्टलोन' को व्यवस्था गरिदिने वा ऋण पनि उसैले खोजिदिने, अनि इन्डियन कम्पनीले बनाएपछि आम्दानीको पनि ग्यारेन्टी गरिदिने यो पिपिपी (सरकारी निजी साझेदारी) कुन मोडेलमा पर्छ ?

प्रत्येक वर्ष नेपाल सरकारले दाताबाट प्राप्त सहयोग रकम खर्च गर्न नसकेको एसियाली विकास बैंक (एडिबी)ले आरोप लगाइरहेको छ । यस आरोपलाई आँकडाले पनि पुष्टि गर्न सकिन्छ । हरेक वर्षको विकास परियोजनामा खर्च गर्ने क्षमतामा ह्रास आएको देखिन्छ । यसको कारण कर्मचारीको मूल्यांकन पद्धत्तिमा खोट छ । काम गरे पनि बढुवा, नगरे पनि बढुवा, काम गरे पनि त्यति नै तलब भत्ता नगरे पनि उति नै तलब भत्ता आउँछ भने आखिर किन काम गर्ने ? बरू काम गरे जोखिम लिनुपर्छ । त्यसैले एक आर्थिक वर्षमा न्यूनतम रकम सरकारी कानुन, नियमभित्र रहेर खर्च गर्नैपर्ने परिपाटी थालनी नभएसम्म यो जोखिम हल हुन्न र परियोजनाले पनि कार्य क्षमताको आधारमा भत्ता, थप पारिश्रमिक वा अन्य प्याकेजका आधारमा काम अगाडि नबढाए समयतालिकाभित्र काम सम्पन्न गर्न सकिँदैन ।

यो परियोजना एसियाको 'ए' लेभलको परियोजना हो । नेपाली ठेकेदार प्रयोग गरेर, सडक विभाग वा अन्य सरकारी संयन्त्रलाई परिचालन गरेर यो बाटो बनाउन सम्भव छैन, किनभने तिनले यस्तै प्रकृतिका परियोजना बनाएका छैनन् । नेपाली कम्पनीको अर्को कमजोर पक्ष पैसा नभइकन काम सुरू गर्न सक्दैनन्, एक महिना भुक्तानी हुन सकेन भने लगभग परियोजना ठप्प हुन्छ । एउटा बिल अड्कियो भने एक महिनाका लागि पनि स्टक वा रिजर्भ पुँजी हाम्रा निर्माण कम्पनीसँग हुन्न ।

अर्को महत्वपूर्ण पक्ष व्यवस्थापन हो । व्यवस्थापनको जिम्मा सडक विभागलाई दिएर विदेशी कन्ट्र्याक्टरलाई निर्माण गर्न दिएर हल हुन्छ त ? विभागको अहिलेको जनशक्ति, प्रविधि र क्षमताले त्यसको व्यवस्थापन गर्न सक्ला ? हामीमा यस्तो परियोजना कार्यान्वयन गर्ने व्यावसायिकता पनि छ ? हाम्रो मानसिकता नै काम कम नगर्ने, ढिला गर्ने, 'नेग्लेट' गर्ने खालको छ । जिम्मेवारी पाएका परियोजना ढिला गर्न हुन्न वा ढिलासुस्ती भयो भने त्यसलाई दण्ड दिने पद्धति हाम्रोमा विकास गर्न सकिएको छैन । यसो भनेर बस्ने हो भने कति समयसम्म हामी यस्ता परियोजना बनाउन सक्दैनौं । हामीमा प्राविधिक ज्ञान, पुँजी परिचालन क्षमता, व्यवस्थापनको क्षमता अभिवृद्धि गर्दै जानुपर्छ । सडक विभागले गर्न नसके अरु अधिकारसम्पन्न स्वायत्त संस्था बनाएर काम अगाडि बढाउनुपर्छ । पहिलो, ललितपुर जिल्लाले विगतदेखि नै ९२ किमि लामो कान्ति राजपथ पूरा गर्न बजेट विनियोजन गरी कामको थालनी भइसकेको छ । ललितपुरका अत्यधिक गाउँका साथै मकवानपुर जोड्ने यो राजपथका कारण 'फास्टट्र्याक'का सवारीसाधन यो राजपथमा आउने सम्भावना छ ।

दोस्रो, हालै प्रधानमन्त्रीको चीन भ्रमणमा संयुक्त विज्ञप्तिमा चीनले रसुवा–काठमाडौं–पोखरा हुँदै लुम्बिनीसम्म रेलमार्ग निर्माण गर्न सहयोग गर्न अनुरोध गरिएको छ । चीन सरकारले पनि सकारात्मक भई अनुसन्धान गर्ने भनेको छ । यो काम हुन सकेन भने पनि नेपाल सरकारले पूर्व–पश्चिम रेलमार्ग बनाउने योजना छ । राजधानी नजोड्ने पूर्व–पश्चिम रेलमार्गको कल्पना कुनै पनि योजनाविद्ले सोच्नेछैन । त्यसकारण यो रेलमार्गले पनि 'फास्टट्र्याक'का अन्य सवारी लिइदिन्छ । तेस्रो, काठमाडौं–हेटौँडा सुरूङमार्ग । यो आयोजनाको पनि कन्सेप्ट तयार भई केही लगानि पनि जुटेको समाचार छ । त्यसकारण यो आयोजना बनेपछि 'फास्टट्र्याक'का ट्राफिक थप घट्नेछन् ।

चौथो, अग्रगतिमा निर्माणाधीन, पोखरा विमानस्थल र गौतमबुद्ध विमानस्थल लुम्बिनीका कारण पनि 'फास्टट्र्याक'बाट यात्रा गर्ने केही ट्राफिक घट्नेछन् ।

यसरी विश्लेषण गर्दा 'फास्टट्र्याक'को लगानी उठ्ने देखिँदैन । त्यसैले त आइएलएन्डएफसीलाई ऋण पनि खोजिदिने, ट्राफिक गुडे पनि नगुडे पनि २५ वर्षसम्म प्रत्येक वर्ष १५ अर्ब रूपैयाँ परियोजना बनाउने कम्पनीलाई सरकारले अनुदान दिने गरी काम गर्ने तयारी भएको हो ।

यहाँ त आयोजना निर्माण भइसकेपछि निर्माण कम्पनीलाई फाइदा नभए सरकारको ढिकुटीबाट अतिरिक्त रकम दिएर डेभलपरको मुनाफा सुनिश्चित गरिनुपर्ने बुँदा सम्झौतापत्रमा राख्न लागिएको थियो । यो भनेको वार्षिक न्यूनतम लाभको नेपाल सरकारले सुनिश्चित गरिदिनुपर्ने भन्ने नै हो । डेभलपरको लगानी सुनिश्चित गर्न सरकारले त्यो द्रुतमार्गबाट सवारीसाधन चलाए पनि नचलाए पनि न्यूनतम सवारीसाधन चलेको भनी अतिरिक्त शुल्क तिर्ने गरी राष्ट्रलाई बोझ हुने बुँदा सम्झौतापत्रमा राख्न हुँदैन ।

नेपालको राजनीति, कर्मचारीतन्त्र, इन्जिनियर, नेपाली समाज, निर्माण व्यवसायी, परामर्शदाता कम्पनी, सडक विभाग, मन्त्रालय सबै मात्रात्मक रूपमा दोषी भएकाले यो आयोजना 'ए' लेभलको बनाउँदैमा देशको सम्पूर्ण परिपाटी 'ए' लेभलको हुन्छ भन्नेमा सहमत हुन सकिन्न । यसकारण चार लेनको सडक बनाउन टेन्डर गर्दा जो क्षमतावान् छ उही पर्न सकोस्, तर नेपाली परामर्शदाता र नेपाली निर्माण व्यवसायीको क्षमता अभिवृद्धि गर्ने वातावरण भने सृजना गरिदिनु सरकारकै काम हो । हाम्रो अनुभवबाट के सिक्नुपर्ने हुन्छ भने कुनै एउटा सडक बनेपछि वैकल्पिक सडक पनि तुरून्त खुल्दै जान्छन् । त्यसैले फास्टट्र्याकले मुनाफा कमाएपछि मात्र रेलमार्ग वा सुरूङमार्ग वा अन्य वैकल्पिक मार्ग बनाउनुपर्छ भन्ने हुँदैन ।

भूकम्प र लामो नाकाबन्दीका कारण सरकारको शक्ति एकैचोटि तीन विषयमा केन्द्रित हुनुपरेको छ । देश पुनर्निर्माणका खातिर हामीले भारतबाट हुनसक्ने ज्यादतीविरूद्ध भिड्नुपरेको छ । आजको अवस्था मरिचमानको पालाको नेपालभन्दा फरक छ । नेपाल अब राजनीतिक रूपमा स्वाधीन रहने दिशातर्फ उन्मुख छ । तर, देशभक्तहरूको एकताविना यो अझै पनि असम्भवप्रायः छ । नेपाली जनता दलीय र जातीय स्वार्थभन्दा माथि उठ्नुपर्ने समय अहिलेकै हो, भोलिसम्म ढिला हुनेछ । अहिलेको अग्रगामी योजनाहरू घोषणा गर्दैमा 'आर्थिक कायापलट' हुने होइन । कालोबजारी र भ्रष्टाचारविरूद्ध सरकारले उचित कदम नचालेसम्म समर्थन पाउने काम सरकारलाई आकाशको फल आँखा तरी मर जस्तै हुनेछ ।

एसियाली विकास बैंकका अनुसार केही प्रगति नभएका काम, जस्तो मेलम्ची खानेपानी योजना, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरीकरण आयोजना, ट्रान्समिसन लाइन निर्माण योजना आदि हुन् । केही उदाहरण हामीले पहिला नगरेका तर गर्न सकेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजना सबभन्दा ठूलो आयोजना नेपाली पुँजीमा, नेपाली व्यवस्थापकले अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनोट गरेको विदेशी कम्पनीमार्फत सफलतापूर्वक काम भइरहेको छ । त्यसैगरी, भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, सम्पूर्ण निर्माणको काम तोकिएकै समयमा सम्पन्न हुने विश्वास छ । त्यस्तै, देशबाहिर पनि नेपाली प्राविधिकले जटिल आयोजना कार्यान्वयन र व्यवस्थापन गरेका थुप्रै उदाहरण छन् । असफलताबाट पाठ सिक्दै हाम्रा निर्माण व्यवसायी र हाम्रै परामर्शदाता, हाम्रै प्राविधिकको क्षमता अभिवृद्धि गर्दै हाम्रो चाहनाका परियोजना हाम्रै निर्माण सामग्री प्रयोग गरी जोखिमको विश्लेषण र सम्बोधन गर्दै विदेशीको चाहनाअनुरूप नभएर नेपालीका लागि 'फास्टट्र्याक' नेपाल सरकार र नेपाली जनताले नै बनाउनुपर्छ ।

केही संरचना संवेदनशील हुन्छन् । सामरिक महत्वका संरचना, मुलुकको सार्वभौमिकतासँग सरोकार राख्ने संरचना आफ्नै बलबुतामा निर्माण गर्नु उपयुक्त हुन्छ । यहाँ त उल्टै ऋण पनि सरकारले नै खोजिदिने, अनि इन्डियन कम्पनीले बनाएबापत उसको आम्दानीको पनि ग्यारेन्टी गरिदिनुपर्ने यो पिपिपीको ( सरकारी निजी साझेदारी) कुन मोडेलमा पर्दछ ? यसरी फास्टट्र्याकमा पुँजीको ग्यारेन्टी सरकारले गर्ने पिपिपी मोडेल कस्तो हो ?

# व्यापारी केडिया अपहरित

वीरगन्ज । बारा सदरमुकाम कलैयाबाट हतियारधारी समूहले केडिया अर्गनाइजेसनका कार्यकारी निर्देशक सुरेशकुमार केडियाको अपहरण गरेको छ । बाराको परवानीपुरस्थित वीरगन्ज खाद्य उद्योगका सञ्चालक केडिया कलैयाको बघवन गाउँबाट अपहरणमा परेका हुन् । केडियाको अपहरण गर्न आएको हतियारधारी समूहले चलाएको गोली लागेर उनका निजी सवारीचालक श्यामउमेशप्रसाद साह कानू गम्भीर घाइते भएका छन् । दायाँ कन्चटमा गोली लागेर गम्भीर घाइते साहको अवस्था चिन्ताजनक छ । नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुन नसकेपछि उनलाई काठमाडौं पठाइएको अञ्चल प्रहरी कार्यालय नारायणीका प्रमुख एसएसपी नारायणसिंह खड्काले जानकारी दिए ।

कामको सिलसिलामा बाराको बरियारपुर गएर वीरगन्जतर्फ फर्कने क्रममा कलैया नगरपालिकाको बघवन गाउँबाट केडिया अपहरणमा परेका हुन् । अपहरणकारीले साँझ साढे ६ बजे उनको अपहरण गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । घटनास्थल बारा सदरमुकाम कलैयाबाट तीन किलोमिटर पूर्वमा पर्छ । केडिया बा.१०च ७२४० नम्बरको टक्सन जिपमा बिहीबार दिउँसो बरियारपुरतर्फ गएका थिए । मैदा उत्पादन गर्ने वीरगन्ज खाद्य उद्योगका लागि आवश्यक गहुँ खरिद गर्न केडिया बरियारपुर जाने गरेका थिए । यसअघि केडियालाई कुनै धम्की नआएको उनीनिकट एक व्यापारीले बताए । केडियाको अपहरणपछि सीमा–नाकामा सुरक्षा व्यवस्था कडा पारेर खोजी भइरहेको अञ्चल प्रहरी कार्यालय नारायणीका प्रमुख एसएसपी नारायणसिंह खड्काले बताए ।

घटनास्थलबाट नेपाल–भारत सीमा १६ किलोमिटर दूरीमा छ । व्यापारी केडियालाई अपहरणकारीले भारतीय नम्बरको स्कर्पियो जिपमा राखेर भारततर्फ लगेको स्थानीयलाई उद्धृत गर्दै प्रहरी स्रोतले बताएको छ ।


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिल गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मितिसम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ उपरोक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी.गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा करकट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टि रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

# व्यावसायिक खेतीमा गोल्छा अर्गनाइजेसनको लगानी

मोरङ । फलाम, खाद्यान्नलगायतका वस्तु उत्पादक र उद्योग र आयात-निर्यात व्यापारमा संलग्न गोल्छा अर्गनाइजेसनले यसै वर्षदेखि व्यावसायिक रूपमा प्राविधिक र अत्याधुनिक खेतीमा लगानी गर्ने भएको छ । कम्पनीका निर्देशक राजकुमार गोल्छाले यो वर्ष ५० बिघा जमिन भाडा लिएर व्यावसायिक रूपमा आधुनिक तरकारी खेती सुरु गरिने बताए ।

'हामीले अत्याधुनिक व्यावसायिक खेतीमा लगानी सुरु गरेका छौं,' अर्गनाइजेसनका निर्देशक राजकुमार गोल्छाले भने, 'यो वर्ष ५० बिघा जमिन भाडामा लिएर धानखेती गर्दैछौं, अनुकूल अवस्था भए दुई वर्षभित्र एक हजार बिघामा खेती गर्ने लक्ष्य राखेका छौं ।'

अनियन्त्रित प्लटिङ र युवाहरूको विदेश पलायनका कारण नेपालका खेतीयोग्य जमिन धेरैजसो बाँझा छन्,' गोल्छाले भने, 'उत्पादन पर्याप्त आइरहेको छैन । हामीले चलनचल्तीको अन्नबाली धानबाटै खेती सुरू गरेका छौं ।'

गोल्छाका अनुसार अरिहन्त फार्मस् प्रालि नामक कम्पनीबाट खेती गरिनेछ । कम्पनीमा अन्य दुई युवा उद्यमी गिरिश लुनियाँ र सोमनाथ अधिकारी पनि साझेदार छन् ।

'बढ्दो वैदेशिक रोगजगारीका कारण नेपालमा खेतीका लागि पर्याप्त श्रमशक्ति छैन,' उनले भने, 'त्यसैले हाम्रो खेती पूर्णतः यान्त्रिक हुनेछ । जमिन खनजोत गर्ने, गोडमेल गर्ने, धान रोप्ने, काट्ने र दाइं गर्नेसम्मका प्रक्रिया यान्त्रिक विधिबाटै गरिनेछन् ।'

यो वर्ष ५० बिघा खेतीका लागि कम्पनीले सम्पूर्ण उपकरण भित्र्याइसकेको बताएको छ । खेती बढेसँगै थप उपकरण आयात गरिने कम्पनीले जनाएको छ ।

हाललाई मोरङ र सुनसरीमा खेती गरिने उनले बताए । सुरुमा धान, गहुँ, मसुरो, सूर्यमुखी र चनाको खेती गरिनेछ । साथै आँप, लिची र कागती खेतीका लागि पनि तयारी भइरहेको छ । 'अर्गानिक खेती गर्ने सोचाइ तत्काल छैन, किनकि अहिले उत्पादन बढाउनुपर्ने खाँचो छ,' उनले भने, 'नेपालमा अर्गानिक खाद्य सामग्रीको माग र बजार पनि कम छैन । त्यसैले अर्गानिक उत्पादन हामी दोस्रो चरणमा मात्र सुरु गर्नेछौं ।'

गोल्छाका अनुसार अहिले बजारमा पाइने अन्न, दाल, फलफूल र हरियो तरकारीमा कति रासायनिक मल र विषादी प्रयोग गरिएको छ भन्ने जानकारी कसैलाई हुने गर्दैन । स्वयं किसान पनि बताउन सक्दैनन् । धेरैजसो किसानको प्राविधिक ज्ञानमा पहुँच छैन । सरकारी प्राविधिकको गाउँगाउँमा पहुँच छैन । त्यसैले अधिकांश उपभोक्ताले विषाक्त खानेकुरा पनि प्रयोग गरिरहेका हुन सक्छन् ।

गोल्छाको कम्पनीले कृषि प्राविधिकसँगको सल्लाहअनुसार मात्र मापदण्डबमोजिमको रासायनिक मल र विषादी प्रयोग गर्नेछ । उपभोक्तालाई प्रयोग गरिएको विषादी र रासायनिक मलले मानव स्वास्थ्यलाई हानि नगर्ने ग्यारेन्टी पनि दिइने गोल्छाको दाबी छ ।

कम्पनीले पहाड र हिमाली भेगमा पनि खेती गर्ने सोचाइ रहेको उनले बताए । 'खाद्यान्न उत्पादन बढाउनु राष्ट्रिय आवश्यकता भएको छ, कुनै वेला हामी खाद्यान्न निर्यात गर्थ्यौं,' गोल्छाले भने, 'नेपाल अति धेरै सम्भावना भएको मुलुक हो । यहाँका सबैजसो ठाउँमा सबै मौसममा २४सै घन्टा काम गर्न सकिन्छ । बाँझो खेती धेरै छ, तर उपयोग छैन ।'

गोल्छा र उनको कम्पनीका लागि नेपालको जमिनको हदबन्दीसम्बन्धी कानुनमा अप्ठेरा छन् । उनको कम्पनी खेतीका लागि जमिन खरिद गर्न चाहन्छ । कानुनअनुसार खरिद गर्न त जति पनि सकिन्छ तर बेच्न ११ बिघा मात्र पाइन्छ ।

व्यवसाय घाटामा गयो र जमिन बेच्नुपर्‍यो भने कानुनले दिँदैन । त्यसैले संगठित र व्यावसायिक रूपमा अत्याधुनिक खेती गर्ने कम्पनीलाई जमिन खरिद-बिक्री गर्न नियम कानुन लचिलो बनाउन उनको आग्रह छ ।

राजकुमारको अग्रसरतामा गोल्छा अर्गनाइजेसन यस वर्ष अत्याधुनिक खेतीमा प्रवेश गरेको भए पनि यो नै पहिलो होइन । २२ वर्षअघि स्वर्गीय महेन्द्र गोल्छाले सुनसरीको अमाही बेलाहामा सूर्यमुखी, हरियो तरकारीको बिउ र बेबी कर्नको खेती सुरु गरेका थिए । त्यो स्थानमा अहिले इस्टर्न सुगर मिल छ ।

# चोभारमा एम्युजमेन्ट एन्ड वाटर पार्क सञ्चालन गरिँदै

काठमाडौं । काठमाडौंको चोभारमा एम्युजमेन्ट तथा वाटर पार्क सञ्चालनमा आउने भएको छ । चोभारको दक्षिणपट्टिको भागमा हुपिल्यान्ड एम्युजमेन्ट एन्ड वाटर पार्क सञ्चालनमा आउन लागेको हो । विभिन्न प्रकारका रोमाञ्चक खेलदेखि वाटर पार्कको सेवा प्रदान गर्ने उद्देश्यले पार्क निर्माण गरिएको कम्पनीको प्रबन्ध निर्देशक सुदन बस्नेतले जानकारी दिए । पार्कमा १५ करोड रूपैयाँभन्दा बढी लगानी भएको उनले बताए ।

५० रोपनीभन्दा बढी जग्गामा निर्माण गरिएको पार्कमा २३ भन्दा बढी खेल रहेको उनले बताए । १२ महिने सञ्चालन उद्देश्यले पार्क निर्माण गरिएको कम्पनीले जनाएको छ । पार्क प्रवेश गर्नेबित्तिकै जीवित डाइनोसरको अनुभूति दिएर आगन्तुकलाई मनोरञ्जन दिइने बस्नेतले बताए । उनले भने, 'डाइनोसर पार्कमा सानो नदी छ । त्यसमा रहेको डुंगामा ४ जना अटाउँछन् । डुंगा पानीमा आफैं बग्दै गुफा र जंगल बीचबाट अघि बढ्छ । अघि बढ्दा देखिने डाइनोसर चल्छन् र आवाज निकाल्छन् । ५ वटा डाइनोसर कटेपछि वनमान्छे देखिन्छ । डाइनोसरको पालोपछि मानव जातिसम्मको विकासक्रमबारे यसले जानकारी दिने कोसिस गर्छ ।'

पार्कमा डाइनोसरसँगै बालबालिकाले मन पराउने फिल्मका कलाकारका फोटो खिचेर ठाउँ ठाउँमा राखिने बस्नेतले बताए । त्यहाँ सेल्फी खिच्ने सुविधा हुने र डिज्ने वर्ल्डलगायतका ठूला पार्कमा जान नसक्नेलाई सकेसम्म त्यहाँको महसुस गराउने कोसिस गरिएको उनको भनाइ छ ।

पार्कमा लेजी रिभरलगत्तै फ्रिज बी रहेको छ । १ सय ८० डिग्रीमा घुम्दै मच्चिने फ्रिज बी नेपालमै सबैभन्दा ठूलो रहेको बस्नेतले बताए । पार्क भ्रमणमा आएर यो सेवा लिन चाहनेले यसमा दोहोरो गति महसुस गर्न सक्नेछन् । फ्री बीमा चल्न उचाइ र स्वास्थ्यको समेत मापदण्ड राखिएको छ । पार्कमा सबै खेलकुद हाइड्रोलिक ड्राइभबाट चल्ने हुँदा केही घटना घटे २ सेकेन्डभित्र कुनै झड्का नदिई रोक्न सकिने उनले बस्नेतले बताए । भिरालो प्रकारको जमिनमा पार्क निर्माण गरिएकाले सोहीअनुसारका खेल राखिएको छ । फ्रिज बीसँगै बालबालिकाका लागि सानो कोलम्बस, विभिन्न प्रकारका खेल राखिएको छ । ती खेल थाइल्यान्ड, चीन, भारतलगायतबाट छानेर ल्याइएको बस्नेत बताउँछन् । निर्माता कम्पनीले नै आएर जडान गरेकाले सुरक्षा दृष्टिले उत्कृष्ट रहेको पार्क सञ्चालकको दाबी छ । पार्कभित्र हिँड्दाहिँड्दै धेरै खेल खेल्न पाइने हुनाले दर्शकलाई समय बितेको पत्तै नहुने गरी व्यवस्था मिलाइएको बस्नेत दाबी गर्छन् ।

वाटर पार्कमा ४ प्रकारका खेल राखिएका छन् । त्यसमा ५ वटा पानीचिप्लेटी खेल्ने व्यवस्था गरिएको छ । बालबालिकाका लागि छुट्टै पोखरी छुट्याइएको छ भने त्यहाँबाट बाहिर ननिस्की पानीको बाटो भएर ठूला मान्छेले खेल्ने ठाउँमा समेत जान सक्ने गरी बनाइएको छ । त्यस्तै, ३० मिटर अग्लो ढुंगाको पहराबाट झरना खस्ने गरी मिलाइएको छ । एकैपटक ५० भन्दा बढीले नुहाउन मिल्ने झरनामा नुहाउँदा हिमाली झरनामा नुहाएको अनुभव लिन सकिने बस्नेतले बताए ।

धेरै अग्लो र लामो स्लाइड भएकाले त्यहाँको वाटर पार्कको स्लाइडमा खेल्दा धेरै रोमाञ्चक अनुभव लिन सकिनुका साथै फेमेली राइड पनि गर्न मिल्ने व्यवस्था छ । त्यस्तै, टनेलवाला स्पेस बल पनि रहेको छ । साँघुरो पाइपमा चिप्लेटी खेलेर तल आएपछि २ पटक घुमेर आरामले उत्रने व्यवस्था छ ।

प्रबन्ध निर्देशक बस्नेतले पार्कमा राखिएको रेन्जर नेपालमै पहिलो भएको दाबी गरे । पूरै ३ सय ६० डिग्री घुम्ने पुल सबैभन्दा आकर्षक रहेको उनको भनाइ छ । पुलमा ३ प्रकारको सुरक्षा प्रबन्ध मिलाइएको र हाइड्रोलिक प्रविधिले सञ्चालन भएकाले सुरक्षित रहेको छ भने यसमा पनि खेल्न चाहनेको सुरक्षाका लागि उचाइ तोकिनेछ । पार्कमा जहाजमा बसेर पिङ खेलेजस्तो गरी खेलिने स्विङसिप पनि अर्को आकर्षण रहेको छ । त्यस्तै, बालबालिकालाई उफ्रने, रक क्लाइम्बिङ गर्नेलगायत सुविधाका साथै इन्फ्राटेबल क्यासल पनि रहेको छ ।

पार्कमा युवाका लागि बुल राइड पनि राखिएको छ । पार्क घुम्न आउनेले साँढेको प्रतिमामा बसेर फ्रान्समा खेलिने बुल राइड अनुभव लिन सक्नेछन् । कति सेकेन्डसम्म साँढेको ढाडमा टिक्न सकिन्छ भन्ने नै खेलको मुख्य चुनौती हुने हुँदा युवाले यसमा प्रतिस्पर्धासमेत गर्न सक्छन् ।

## vnsb

# रियल र म्यानचेस्टर धनी क्लब

स्पेनिस क्लब रियल म्याड्रिड र इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड विश्वकै धनी क्लबहरूको सूचीमा संयुक्त रूपमा पहिलो स्थानमा रहन सफल भएका छन् । सूचीमा व्यापारिक र आर्थिक हिसाबले दुवै क्लबको 'ब्रान्ड भ्यालु' समान रहेको देखिएको छ ।

केपिएमजी सर्भेका अनुसार दुवै क्लबको ब्रान्ड भ्यालु २.२ अर्ब पाउन्ड रहेको छ । सूचीको तेस्रो स्थानमा स्पेनिस च्याम्पियन बार्सिलोना छ । रियल लगातार हात पारिएको सफलता तथा ग्लोबल फ्यानहरूले दिएको चन्दाबाट दिनहुँ धनी बनिरहेको छ । यता, युनाइटेडको आम्दानीको मुख्य स्रोत भने घरेलु र अन्तर्राष्ट्रिय प्रिमियर लिग टिभी डिलबाट आउने रकम हो । विश्वका १० धनी क्लबको सूचीमा पाँचवटा इंग्लिस क्लब पर्न सफल भएका छन् । युनाइटेडसँगै आर्सनल, म्यानचेस्टर सिटी, चेल्सी र




लिभरपुल धनी क्लबको सूचीमा समावेश छन् । इंग्लिस क्लब धनी हुनुको मुख्य कारण टेलिभिजन राइट्सबाट आउने रकम हो । टेलिभिजन राइट्सको रकम प्रिमियर लिगमा आउँदो सिजन अझै बढ्दै छ । अन्य इंग्लिस क्लबहरु टोटनह्याम र एभर्टन क्रमशः १२औं र १६औं स्थानमा छन् । क्लबहरूको कुल ब्रान्ड भ्यालुमध्ये इंग्लिस क्लबहरूको ब्रान्ड भ्यालु ७.६ अर्ब छ । जुन कुल भ्यालुको ४० प्रतिशत हो ।

अध्ययनअनुसार रियल, युनाइटेड र बार्सिलोनाले ठूलो हिस्सा ओगेटेका छन् । अध्ययनले विश्वका ३२ धनी क्लबहरूको कुल भ्यालु २० अर्ब पाउन्ड रहेको देखाएको छ । जसको एक तिहाइ तीन क्लबले ओगेटेका छन् । सूचीको तेस्रो स्थानमा रहेको बार्सिलोनाको भ्यालु २.०९ अर्ब पाउन्ड छ । चौथो स्थानमा जर्मन च्याम्पियन बायर्न म्युनिख छ । म्युनिखको ब्रान्ड भ्यालु १.६३ अर्ब पाउन्ड छ ।

शीर्ष पाँचभित्र पर्न सफल अर्को इंग्लिस क्लब आर्सनलको भ्यालु १.२६ अर्ब पाउन्ड रहेको छ । छैटौं स्थानको म्यानचेस्टर सिटीको १.२३ अर्ब, सातौं स्थानको चेल्सीको १.१ अर्ब र आठौं स्थानको लिभरपुलको ९६ करोड पाउन्ड भ्यालु रहेको तथ्य छ । इटालियन च्याम्पियन युभेन्ट्स नवौं स्थानमा छ । युभेन्ट्सको भ्यालु ७४ करोड पाउन्ड रहेको छ । यस्तै, दशौं स्थानमा फ्रेन्च च्याम्पियन पेरिस सेन्ट जर्मेन (पिएसजी) छ । पिएसजीको भ्यालु ६४ करोड पाउन्ड छ ।

केपिएमजीका विश्व प्रमुख आन्द्रे सार्टोरीका अनुसार प्रिमियर लिगले २०१५ मा टेलिभिजन राइट्सबाट धेरै कमाएका छन् । उनले भने, '२०१५ को सुरुवातमा प्रिमियर लिग र अन्य युरोपियन लिगले टेलिभिजन राइट्सका लागि धेरै रकम उठाएका छन् ।' उनका अनुसार प्रिमियर लिगमा भएको नयाँ घरेलु सम्झौता मात्र ५.१४ अर्ब छ । यो सम्झौता आउँदो अगस्टदेखि लागू हुँदै छ । जसले आगामी वर्षमा म्यानचेस्टरले रियल र बार्सिलोनालाई पछि पार्ने पक्का छ ।

# टी-२० विश्वकप दुई वर्षपछि गर्ने प्रस्ताव

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले सन् २०१८ मा टी-२० विश्वकप आयोजना गर्ने विषयमा छलफल अघि बढाएको छ । आइसिसीका उच्च आधिकारीहरूले २०१८ मा विश्वकप आयोजना गर्ने विषयमा बिहीबार स्टार स्पोर्ट्ससँग छलफल गरेका छन् । यसअघि आइसिसीले प्रत्येक दुई-दुई वर्षमा गर्दै आएको टी-२० विश्वकपका अबका संस्करण भने चार-चार वर्षमा गर्ने निर्णय गरेको थियो ।

आइसिसीले २०१८ को विश्वकप दक्षिण अफ्रिकालाई आयोजना गर्न दिने सम्भावना छ । यद्यपि, विश्वकप आयोजनाका लागि दक्षिण अफ्रिका सरकारले अनुमति दिनुपर्नेछ । क्रिकेट बोर्डले पारदर्शिता अपनाउन नसकेको भन्दै दक्षिण अफ्रिका सरकारले आइसिसीका प्रतियोगिता गर्न प्रतिबन्ध लगाएको थियो । यदि आइसिसीले २०१८ को टी-२० विश्वकप आयोजना गर्न दिइएको खण्डमा दक्षिण अफ्रिका सरकारले प्रतिबन्ध हटाउनुपर्नेछ । दक्षिण अफ्रिका क्रिकेट बोर्डका प्रमुख कार्यकारी हारून लोर्गातका अनुसार दक्षिण अफ्रिका २०१८ को टी-२० विश्वकप आयोजना गर्न तयार रहेको बताएका छन् । 'हामी आइसिसीको मुख्य प्रतियोगिता आयोजना गर्न तयार छौं,' हारूनले भने, 'यसअघि पनि हामीले उत्कृष्ट आयोजना गरेर देखाइसकेका छौं ।' दक्षिण अफ्रिकाको विकल्पको रूपमा युएईलाई राखिएको छ ।

आइसिसीको निर्णयअनुसार दुई महिनाअघि सकिएको टी-२० विश्वकप अब सन् २०२० मा आयोजना हुने उल्लेख छ । तर, सदस्य राष्ट्रहरूले दुई-दुई वर्षमा आयोजना गर्न व्यापक दबाब दिएपछि आइसिसीले आफ्नो निर्णय सच्याउन लागेको हो । दुई महिनाअघि भारतमा भएको टी-२० विश्वकप हेर्ने दर्शकको संख्या अत्यधिक भएकाले पनि आइसिसी निर्णय सच्याउन तयार भएको हो । भारतको सेमिफाइनल खेल घरेलु आठ करोड दर्शकले हेरेका थिए । यस्तै, भारतले अस्ट्रेलिया र पाकिस्तानविरुद्ध खेल्दा विश्वभरबाट ७५ करोड दर्शकले हेरेको थिए । जुन एकदिवसीय विश्वकपभन्दा ५० करोड बढी हो । अबको संस्करणदेखि पहिलो चरणबाट चारवटा टोली दोस्रो चरणमा पुग्ने नियम बनाइने विषयमा पनि आइसिसीमा छलफल भइरहेको छ ।

## /Elg va/



## फिल्मबाट कमाएर विद्यार्थीलाई

फिल्म निर्माता शरद अधिकारीले सिन्धुपाल्चोकको साँगाचोकमा रहेको श्री भीमसेन माध्यमिक विद्यालयका विद्यार्थीलाई लत्ताकपडा वितरण गरेका छन् ।

भूकम्पका कारण अभिभावक गुमाएका एकदेखि पाँच कक्षासम्म अध्ययनरत झन्डै सयजना गरिब विद्यार्थीलाई उनले जाडो–गर्मी दुवैलाई हुने कपडा प्रदान गरेका हुन् । अधिकारीले फिल्म 'डेस्टिनेसन काठमाडौं'को गत जनवरीमा अमेरिकाको न्युयोर्कमा गरिएको विशेष सोबाट कमाइएको रकमबाट विद्यार्थीलाई सहयोग गरेका हुन् ।

'अभिभावक गुमाएका, गरिब तथा जेहेनदार विद्यार्थीलाई सानो सहयोग गरेको हुँ,' अधिकारीले भने । उनले अमेरिकामा एआरएन युएस च्याप्टरका अध्यक्ष तेम्बा शेर्पाको सहयोगमा 'डेस्टिनेसन काठमाडौं'को विशेष सो गरेका थिए ।

## मिस पूर्वाञ्चलको अडिसन

मिस पूर्वाञ्चलको सातौं संस्करणको अडिसन सुरु भएको छ । यसको पहिलो अडिसन धरानमा गरिएको छ । धरान अडिसनमा धरान, झापा, गाईघाट, सुनसरी, मोरङका गरी १८ जना युवतीले सहभागिता



जनाएका थिए । यता काठमाडौंमा पाँचजना युवती सहभागी थिए ।

१५ जेठमा दोस्रो अडिसन पनि धरानमा नै हुने आयोजकले जनाएको छ । सिल्भर इन्टरटेन्मेन्ट र हाइट इभेन्टको आयोजना तथा सिजी ब्रुअरीको नेपाल आइस नेचुरा मुख्य प्रायोजनमा यो प्रतियोगिता ११ असारमा हुँदै छ ।

उता, मिस पूर्वाञ्चल २०१५ की 'फस्ट रनरअप' अनु राईलाई युरोसिया ट्रिप थाइल्यान्डले एक साताको थाइल्यान्ड भ्रमण गराएको छ । युरोसिया ट्रिपले इन्टरनेसनल ट्राभल पाटनर भएर मिस पूर्वाञ्चललाई प्रायोजक गरेको युरोसिया ट्रिपका कार्यालय प्रमुख सुमन अधिकारीले जानकारी दिए ।

## तेजकुमारको 'चुल्बुले कान्छी'

गायक तेजकुमार खवासले पप गीत 'चुल्बुले कान्छी' ल्याएका छन् । युएईमा काम गरिरहेका खवासले बिदामा







घर आउँदा यो गीत ल्याएका हुन् । यो उनको ११औं गीत हो ।

खवासले यो गीत आफैं लेखेका हुन् । गीतको संगीत पनि उनी आफैंले गरेका हुन् । गीतको म्युजिक भिडियो पनि तयार पारिएको छ । गीतको म्युजिक भिडियो युवराज वाईबाले निर्देशन गरेका हुन् । भिडियोमा वर्षा राउत र सरोज दाहालले अभिनय गरेका छन् ।

## अन्तर्राष्ट्रिय अदालत जाने चेतावनी

काठमाडौं । संयुक्त दलित अधिकार मञ्चले सरकारले संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय मञ्चमा गरेको लिखित प्रतिबद्धता व्यवहारमा उतार्न आग्रह गरेको छ । नेपालले दलित अधिकारका लागि तुरुन्त आफ्ना प्रतिबद्धता पूरा नगरे मञ्चले आफू अधिकारका लागि अन्तर्राष्ट्रिय अदालत जाने चेतावनी दिएको छ । मञ्चको १० र ११ वैशाखमा राजधानीमा सम्पन्न पहिलो महाधिवेशनले यस्तो निर्णय गरेको हो ।

महाधिवेशनको निर्णय सार्वजनिक गर्न बिहीबार आयोजित पत्रकार सम्मेलनमा मञ्चले दलित अधिकार प्राप्तिका लागि साझा आन्दोलन गर्न विचार मिल्ने संघसंस्था र राजनीतिक पार्टीसँग कार्यगत एकता गर्दै अघि बढ्ने निर्णयसमेत गरेको जानकारी दिएको छ । उसले दलित समुदायलाई गैर, भौगोलिक विशेष प्रदेशको व्यवस्थाका लागि संविधान संशोधनमार्फत राजनीतिक निर्णय गर्न संघर्ष अघि बढाउने स्पष्ट पारेको छ ।

उसले संसद्ले महत्वपूर्ण निर्णय गर्दा दलित प्रतिनिधिलाई भिटो पावरको अधिकार दिनुपर्ने, संविधानको धारा ४० मा दलितको हकमा कानुन बनाई भन्ने शब्दावली हटाउनुपर्ने, दलितलाई एक घर एक रोजगारको नीति बनाएर कार्यान्वयन गर्नुपर्ने, दलित–दलितबीच प्रतिस्पर्धा गराउने गरी आरक्षित निर्वाचन प्रणाली निर्धारण गर्नुपर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणालीका लागि आन्दोलन गर्नेलगायतको निर्णय गरेको छ । अधिवेशनले तारा विकको अध्यक्षतामा ९९ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको छ । अध्यक्ष विकले दलितको अधिकारका लागि निरन्तर संघर्ष जारी राख्ने प्रतिबद्धता व्यक्त गर्दै विचार मिल्ने समूहसँग कार्यगत एकता गर्दै अघि बढ्ने बताइन् ।

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्हवा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१–६९२३१५२, ६९२३१३०

## skt/6

## सिटी एक्सप्रेसको साढे १५ लाख सहयोग

सिटी एक्सप्रेस मनी ट्रान्सफरले धुर्मुस–सुन्तली फाउन्डेसनलाई १५ लाख ५५ हजार ५ सय ५५ रूपैयाँ सहयोग गरेको छ । फाउन्डेसन हास्य कलाकारद्वय सीताराम कट्टेल र कुञ्जना घिमिरेले सञ्चालन गर्दै आएका छन् । कट्टेल दम्पतीले भूकम्पपीडितका लागि निर्माणाधीन सिन्धुपाल्चोकस्थित गिरान्चौर एकीकृत नमुना बस्ती निर्माणका लागि कम्पनीले सहयोग उपलब्ध गराएको हो । सहयोग रकमको चेक कम्पनीका प्रबन्ध निर्देशक चन्द्र टण्डनले कट्टेल दम्पतीलाई हस्तान्तरण गरेका थिए ।

कम्पनीले 'सेवा नै परम् धर्म हो' अभियानअन्तर्गत विभिन्न सामाजिक क्रियाकलाप गर्दै आएको छ । यसअघि कम्पनीले सुनकोसी बाढीपीडितका लागि राहत वितरण गरेको थियो भने गत वर्ष आएको भूकम्पका कारण प्रभावित भएका नुवाकोटको लिख्खु गाविसका करिब ५ सय घरका लागि १० लाख मूल्यबराबरको खाद्यान्न वितरण गरेको थियो ।

त्यस्तै, कम्पनीले पशुपतिनाथ मन्दिर परिसरमा १२ लाख रूपैयाँमा भूकम्पप्रतिरोधी नमुना शौचालय निर्माण गरी पशुपति क्षेत्र विकास कोषलाई हस्तान्तरण गरिएको बताएको छ ।

हास्य कलाकारद्वय सीताराम कट्टेल र कुञ्जना घिमिरेले धुर्मुस–सुन्तली फाउन्डेसन नामक संस्था स्थापना गरी सोहीमार्फत गत वर्ष आएको भूकम्पबाट घरबारविहीन काभ्रेपलान्चोक पाँचखाल डाँडागाउँअन्तर्गत पहरे बस्तीमा एकीकृत नमुना बस्ती निर्माण गरी अल्पसंख्यक पहरी जातिलाई हस्तान्तरण गरेका थिए । कट्टेल दम्पतीले यस वर्ष सिन्धुपाल्चोकको गिरान्चौरमा भूकम्पपीडितका लागि एकीकृत नमुना बस्ती निर्माण सुरू गरिसकेका छन् ।

## कालिकोटमा एनआइबिएलको वित्तीय सेवा

नेपाल इन्भेष्टमेण्ट बैंक (एनआइबिएल) ले सक्षम कार्यक्रमसँगको सहकार्यमा कालिकोटको नाग्मबजारमा एक्सटेन्सन काउन्टर सेवा सुरु गरेको छ । बिजुली सुविधा र मोबाइल सेवा भरपर्दो नभएको नाग्मबजारमा बैंकले युकेएड सक्षम एक्सेस टु फाइनान्स कार्यक्रमको प्राविधिक र आर्थिक सहयोगमा एक्सटेन्सन काउन्टर खोलेको हो ।

सदरमुकामबाट ५३ किलोमिटर टाढा रहेको नाग्मबजारका स्थानीयले हालसम्म वित्तीय सेवा पाउन सकेका छैनन् । स्थानीयलाई सामान्य वित्तीय सेवा प्रयोग गर्न जुम्ला अथवा कालिकोट सदरमुकाम पुग्नपर्ने बाध्यता एक्सटेन्सन काउन्टर स्थापनापछि हटेको बैंकले बताएको छ ।

उद्घाटन अवसरमा बैंकका सहायक महाप्रबन्धक बिजेन्द्र सुवालले कालिकोटको नाग्मामा स्थापना गरिएको एक्सटेन्सन काउन्टरबाट सर्वसाधारणले बैंकिङ सेवा लिन सक्ने बताए ।

बैंकले सक्षमको आर्थिक तथा प्राविधिक सहयोगमा नाग्मबजारको एक्सटेन्सन काउन्टरका साथै अछाम, बझाङ, बाजुरा, दार्चुला र डोटीमा २८ शाखारहित बैंकिङ इकाइ खोल्ने तयारी भइरहेको जनाएको छ ।

सक्षम एक्सेस टु फाइनान्स कार्यक्रम बेलायत सरकार र नेपाल सरकारबीचको द्विपक्षीय सहयोगमा लुइस बर्जरद्वारा अन्य संस्थासँगको सहकार्यमा नेपालमा कार्यान्वयन भइरहेको छ ।

## होन्डा अमेज कार बजारमा

नेपालमा होन्डा कारको अधिकृत विक्रेता स्याकार ट्रेडिङ प्रालिले नयाँ एक्सटेरियर स्टाइलिङ, प्रिमियम इन्टेरियरभन्दा थप फिचर भएको नयाँ होन्डा अमेज कार बजारमा भित्र्याएको छ । नयाँ अमेज कार होन्डा कार्स सोरुम, धोबीघाटमा स्याकार कम्पनी अध्यक्ष सौरभ ज्योति र सहअध्यक्ष सुहृद ज्योतिले मंगलबार लन्च गरेका थिए ।

नयाँ अमेजमा परिवर्तन गर्न सकिने सिभिटी प्रविधि जडान गरिएको कम्पनीले बताएको छ । बोल्ड र चौडा रहेको अमेजमा अगाडि बम्पर र डुअल क्रोम फ्रन्ट ग्रिलका साथै नयाँ क्लासी रियर कम्बिनेसन लाइटका कारण एक्सटेरियर स्टाइलिङ थप आकर्षक रहेको कम्पनीले जनाएको छ । नयाँ अमेजमा अर्थ ड्रिम्स टेक्नोलोजी सिरिजको एडभान्स र सुपेरियर सिभिटीका कारण अन्य गाडीभन्दा थप सुविधायुक्त र इन्धन बचत गर्न सक्छ । होन्डा अमेजमा राखिएको सिभिटी भेरियन्टले १८.१ किमि गुड्दा १.२ लिटर पेट्रोल इन्धन बचत गर्न सक्ने कम्पनीले बताएको छ

होन्डा अमेजमा ह्यान्ड्स फ्री टेलिफोनसहितको इन्टिग्रेटेड ब्लुटुथ अडियो सिस्टम, मोबाइल फोन अडियो, निट डिजाइन, डिजिटल डिस्प्ले, अटोमेटिक एअर कन्डिसनर, कारभित्र डिजिटल कन्ट्रोलसहितको ठूलो स्क्रिन डिजिटल डिस्प्लेलगायत विशेषता छन् । त्यस्तै, कार चलाउँदा ड्राइभिङ रेन्ज, पेट्रोल खपत अवस्था, तापक्रम, समय दिने प्रविधि पनि कारमा छ । कम्पनीले नयाँ अमेज कार ई, एसएक्स र भिएक्स म्यानुअल ट्रान्समिसन र सिभिटी ट्रान्समिसनमा एस र भीएक्स पेट्रोल ग्रेडमा नेपाली बजारमा खरिद गर्न सकिने बताएको छ ।

## यती बैंकको खानेपानी सेवा

यती डेभलपमेन्ट बैंकको लुम्बिनी शाखाले २५६०औं बुद्ध जयन्ती अवसरमा सिद्धार्थ होटेल एसोसिएसन लुम्बिनीसँग सहकार्य गरी बुद्ध जन्मस्थल लुम्बिनीमा दर्शन गर्न आउने दर्शनार्थीलाई चिसोपानी खुवाउने कार्यक्रम सञ्चालन गरेको छ ।

करिब ५ हजारभन्दा बढी दर्शनार्थीले सो सेवाबाट चिसो पानी खाएको बैंकले बताएको छ । बैंकले सिआरएसअन्तर्गत लुम्बिनी आएका दर्शनार्थीलाई चिसो पानी खुवाउने व्यवस्था गरिएको जनाएको छ ।

यती डेभलपमेन्ट बैंकले जेठ १२ देखि लागू हुने गरी निक्षेपकर्ता लक्षित 'यती अनमोल बचत खाता' सञ्चालनमा ल्याएको छ । निक्षेप योजनाअन्तर्गत निक्षेपकर्ताले बचत खातामै वार्षिक ६ प्रतिशत ब्याज प्राप्त गर्न सक्नेछन् ।

## आन्दोलनलाई...

दिएको छ । विरोधसभालाई सम्बोधन गर्दै गठबन्धनका नेता शरत्सिंह भण्डारीले जारी आन्दोलनलाई कमजोर ठान्ने भूल नगर्न सरकारलाई चेतावनी दिए । 'राज्य र अन्तर्राष्ट्रिय जगत्लाई सन्देश दिन हामीले सांकेतिक रूपमा सिंहदरबार र बालुवाटार घेराउ गऱ्यौँ,' भण्डारीले भने, 'मुलुकका सबै उत्पीडित समुदाय मिश्रित यो आन्दोलनलाई बेवास्ता गरे परिणाम ठीक हुन्न ।'

आन्दोलनरत उत्पीडित जनताको जायज माग सम्बोधन गर्न सरकार अटेरी गरे प्रधानमन्त्री केपी ओलीको अहंकार चुर गर्नेसमेत उनले चेतावनी दिए । 'सरकार थोरै पनि जिम्मेवार र इमानदार छ भने अविलम्ब वार्ताको माहोल बनाएर गठबन्धनलाई पत्राचार गरोस्, हामीले पनि वार्तामार्फत नै समाधान चाहेका हौँ,' भण्डारीले भने ।

कार्यक्रमलाई संघीय समाजवादी फोरम नेपालका महासचिव रामसहाय यादव, संघीय लिम्बुवान पार्टीका अध्यक्ष कुमार लिङदेनलगायतका नेताहरूले सम्बोधन गरेका थिए । गठबन्धनले शुक्रबार भक्तपुरको मध्यपुर ठिमीस्थित शंखधर साख्वामा चोकमा विरोध सभा गर्दै छ । यसअघि सिंहदरबार र बालुवाटार घेराउपछि गठबन्धनले राजधानीको प्रभावकारी आठ स्थानमा विशाल विरोध प्रदर्शन गरिसकेको छ ।

## पूर्वराजा...

साल पछि आमजनता परिवर्तनको दुःखानुभूति भोगिरहेका छन् । नेताहरूले जनताको नाममा लुटतन्त्र मच्चाएको हेरिरहेका छन् । जनताप्रति जिम्मेवार हुनुपर्ने नेताहरू स्वार्थन्ध बनेको देखिरहेका छन् । यहीकारण राजा आउ भनेर आमजनता भन्न वाध्य भएका हुन् । स्वयं पूर्वराजासमेत संविधानप्रति नाखुस छन्, विभेद बढेको, शान्तिसुरक्षा नभएको, सेवाग्रहीले सेवा नपाएको र भ्रष्टाचार बढेकोप्रति चिन्तित छन् ।पूर्वराजा अहिले पनि भनिरहेका जनताले सुख पाउनुपऱ्यो, प्रगति हुनुपऱ्यो ।

यसैवीच राजतन्त्र पुनर्स्थापना गर्न राजधानीमा भेला र अन्तरक्रिया भएको छ । राष्ट्र र राष्ट्रियता सुदृढ गर्न नेपालमा राजसंस्थाको आवश्यकता रहेको राप्रपा नेपाल समानान्तरका नेतृत्वपंक्तिले औंल्याएका छन् ।नेपालको बस्तुस्थिति, सामाजिक, राजनीतिक, साँस्कृतिक परिवेश र भूराजनीति सबैको आधारमा नेपाललाई संकटमोचन गरी सही दिशा प्रदान गर्न राजसंस्थाको अपरिहार्य आवश्यकता देखियो, राप्रपा नेपाल समानान्तरका कार्यवाहक अध्यक्ष गणेश शेरचनले बताए ।सत्यमान लामाले राष्ट्रहितका लागि राष्ट्रवादी शक्ति एकजुट हुनु पर्छ । देशमा विद्यमान राजनीतिक नेतृत्व जनतालाई संवोधन गर्न असफल भइसक्यो । गोष्ठीमा सगुन लावती, श्याम तिमिल्सिना, रामु राई, किशार गुरूङ, नवराज दाहाल, उर्मिला रावल, प्रेमराज लावतीले संविधानका कमजोरीविरूद्ध सडक आन्दोलन गर्ने र यही आन्दोलनबाट राजतन्त्र पुनर्स्थापना गर्ने बताए ।

स्रोतका अनुसार केही समयभित्रै पूर्वराजाले जनतालाई गुहार्ने र जिम्मेवार राजनीति गर्न नसक्नेको आलोचना गरेर आफ्नो आवश्यकता स्थापित गर्न अग्रसर हुने सम्भाबना रहेको छ ।

## राजेन्द्र...

बुझाएको छ । यो रिपोर्टमा आगामी १० वर्षसम्म चिकित्सा शिक्षाको स्नातक तहको कार्यक्रम सञ्चालन गर्न रोक लगाउनु पर्छ भन्ने उल्लेख गरिएको छ ।

यो आयोगले दिएको रिपोर्टमा स्पष्ट उल्लेख छ– राष्ट्रिय चिकित्सा शिक्षालाई व्यवस्थित गर्न बनेको विधेयक २०७३ मा मेडिकल, डेन्टल र नर्सिङ बिषयमा स्नातक कार्यक्रम सञ्चालनको आशयपत्र दिन रोक लगाइनु पर्छ । यो रिपोर्टको कपी प्रधानमन्त्री कार्यालयबाट निकालेर सांसद राजेन्द्र पाण्डेले कानुनी उपाय केही छ कि भनेर विशेष छलफल गरिरहेका छन् । विधेयकले आशयपत्र पाइसकेकाका हकमा सम्बन्धन दिने कि नदिने भन्ने विषयमा मौन रहेकाले मनमोहन मेडिकल कलेजले सम्बन्धन पाउनुपर्छ भन्ने तर्क कानुनचीहरूले दिएकाले सांसद राजेन्द्र पाण्डे हौसिएको खबर छ । स्मरणीय छ, केपी ओली प्रधानमन्त्री बन्नासाथ ठाडो आदेशमा पाण्डेले आशयपत्र फुत्काएका थिए, पछि डा.गोविन्द केसीले अर्को अनसनको धम्की दिएपछि र आमबुद्धिजीवी, नागरिकहरू डा. केसीकै पक्षमा उभिएकाले प्रधानमन्त्री पछि हटे, राजेन्द्र पाण्डे असफल भएका थिए ।

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा राजेन्द्र पाण्डेले सहकारी फाउण्डेशनका नाममा मेडिकल कलेज खोल्ने प्रयास पनिएँ असफल भएको छ । राजेन्द्र पाण्डेको अन्तिम प्रयासमा भगवानको लाठी बर्सिएको छ । डा.कोइरालाले भनेकाछन्– आशयपत्र लिन मेडिकल र डेन्टलतर्फ तीन सय र नर्सिङमा एक सय बेडको अस्पताल चाहिने र प्रमाणपत्र पत्र तहभन्दा मुनीका कार्यक्रम सञ्चालन गरिने छैन । आइन्दा एउटा विश्वविद्यालयले ५ भन्दा बढी कलेजलाई र आफूरहेको प्रदेशका कलेजबाहिरकालाई सम्बन्धन दिन नपाइने व्यवस्था पनि गरिएको छ ।

## आरजु, उमेश...

मनोमानी शुल्क अशुली र बृद्धि गर्ने गरेको निजी विद्यालयहरूलाई शिक्षा मन्त्रालय र मातहतका अधिकारीको संरक्षण रहेको प्रतिवेदन सार्वजनिक गरेका छन् । विधि बनाउने सांसदकै स्कूलहरूमा यस्तो मनोमानी भएपछि मुनाफाकै लाग स्कूल खोल्नेहरूले शुल्क बढी उठाए भनेर के आश्चर्य मान्नु र ?

सून तस्करहरूसमेत स्कूल खोल्न थालेका छन् । अवैध काम गर्नुभन्दा बैध स्कूल खोलेर अवैध धन्दा गरेभन्दा बढी लुट्न पाइने भएपछि के चाहियो ? यतिखेर शैक्षिक डनहरू विभिन्न पार्टी नेताहरूलाई करोड बुझाएर सांसद बन्ने होडबाजी नै चलेको छ । पैसाले सभासद किन्न पाइने भएपछि दोहोरो नागरिकता लिएका ल्हारक्याल लामा बनिरहेका छन् स्कूल सञ्चालकहरूसमेत ।

अव १४ विद्यार्थी संगठनले सामुहिक रूपमा शिक्षा निर्देशिकामा उल्लेख भएको रकम भन्दा १० दोब्बरसम्म शुल्क उठाउने निजी तथा आवाशीय विद्यालयहरूमाथि कारवाही गर्न दबाब दिने भएका छन् ।

## जुट्ने भए...

संयोजकत्वमा टोली बनाएको थियो । यी दुवै टोलीले सहमति गर्न नसकेपछि एकताको जिम्मा राप्रपा नेपालका अध्यक्ष कमल थापा, राप्रपाका अध्यक्ष लोकेन्द्रबहादुर चन्द, नेताहरू पशुपति शमशेर राणा र प्रकाशचन्द्र लोहनीलाई जिम्मा दिएको थियो । यी चारै नेताहरूबीच भएको लामो छलफल र बहसपछि जेठको अन्तिममा एकीकरण गर्ने सहमति भएको हो ।

राप्रपाका एक नेताका अनुसार राप्रपा नेपालका अध्यक्ष कमल थापाले नै एकीकृत राप्रपाको कार्यकारी अध्यक्षको जिम्मेवारी पाउने छन् भने उनलाई सहयोग गर्न लोकेन्द्रबहादुर चन्द, पशुपति शमशेर राणा, प्रकाशचन्द्र लोहनी र अरू सात जना सदस्य रहेको निर्देशन समिति गठन गरिने भएको छ । पार्टी एकीकरणको सबैभन्दा विवादित मुद्दा रहेको हिन्दूराष्ट्रको बटम लाइनमा चन्द, लोहनी र राणासहित सबै सहमत भएपछि एकीकरणको बाटो खुलेको हो । राजसंस्थासहित अन्य विवादित विषयमा भने महाधिवेशनबाट टुंगो लगाइने छ भने पार्टीको नाम राप्रपा नै रहने र चुनाव चिन्हको टुंगो पछि लगाइने सहमति भएको छ । अहिलेलाई दुवै पार्टीका केन्द्रिय सदस्यलाई समेटेर केन्द्रिय समिति बनाउने र आउँदो मंसिरमा एकता महाधिवेशन गर्ने सहमति समेत भएको छ । सहमति अनुसार कार्यकारी अध्यक्ष र राष्ट्रिय अध्यक्ष समेत बनाउने सहमति भएको छ । कार्यकारी अध्यक्ष पार्टीको मुख्य प्रशासनिक भूमिका रहने छन् भने राष्ट्रिय अध्यक्षले राजनीतिक नेतृत्व गर्ने छन् । सहमति अनुसार एकता भएको दुई महिनासम्म राष्ट्रिय अध्यक्षको जिम्मेवारी लोकेन्द्रबहादुर चन्दले गर्ने छन् भने त्यसपछि महाधिवेशन नभएसम्म क्रमशः राणा र लोहनीले गर्ने सहमति भएको छ ।

अहिले राप्रपाका अध्यक्ष चन्द विरामी भएका र कमल थापा मुलुक बाहिर रहेकाले जेठभित्र एकता गर्ने निर्णय भएको हो । स्रोतले दाबी गरेनुसार अब राप्रपा र राप्रपा नेपालबाट अगल भएका सबै नेता तथा कार्यकर्ताहरू एकीकृत राप्रपामा फर्किने छन् । यसरी पटक पटक जुट्दै र फुट्दै आएको राप्रपा फेरि एकजुट हुने भएपछि राप्रपा समर्थकहरूले खुसी मनाएका छन् । राप्रपा पूर्वपञ्चहरूको पार्टी भएपनि पछिल्लो समयमा उक्त पार्टीले लिएका एजेन्डाहरू समय सापेक्षा भएको भन्दै अन्य पार्टीहरूबाट समेत राप्रपा नेपालमा प्रवेश गर्ने लहर नै चलेका बेला पार्टी एकीकरण हुनाले उक्त पार्टी बलियो पार्टीका रूपमा उदाउने प्रायः निश्चित रहेको छ ।

## सरकारले...

छैन, रेल ल्याइदिन्छु भनिएको छ, तेल, ग्यास जनताले पाउन सकेका छैनन्, तर घरघरमा पाइपलाइनबाट ग्यास ल्याइदिन्छु भनिएको छ, देशमा ७ सय मेगावाट बिजुली छैन, तर १० हजार मेगावाट बिजुली ल्याउँछु भन्या छ,' प्रधानमन्त्री ओलीका सार्वजनिक टिप्पणीप्रति व्यंग्य गर्दै उनले भने, 'यो सरकारले न बिजुली, न रेल, न बाटो केही पनि दिंदैन र पूरा गर्दैन ।' ओलीका यस्ता भाषणबाजीलाई क्या क्या बोलेको भन्दै टिप्पणी भएको भन्दै देउवाले सञ्चारमाध्यमलाई यस्तो नभन्न सुझाए ।

देउवाले प्रजातन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा लडेको नेपाल प्रेस युनियन कांग्रेसका लागि अति नै महत्वपूर्ण रहेको पनि बताए । साथै, युनियनलाई बलियो पार्न जस्तोसुकै सहयोग गर्न तयार रहेको देउवाको भनाइ थियो ।

कांग्रेस महामन्त्री डा. शशांक कोइरालाले कठिन अवस्थामा पनि राज्यमा प्रेसको भूमिका महत्वपूर्ण हुने भन्दै संविधान कार्यान्वयनका साथै आगामी निर्वाचनका लागि यसको भूमिका झन् महत्वपूर्ण रहेको बताए । देश बदल्ने दम्भ र शक्ति प्रेस जगत्सँग रहेको भन्दै महामन्त्री कोइरालाले प्रेस युनियनले खोजेजस्तो सहयोग गर्न तयार रहेको बताए । प्रेस र स्वतन्त्रता आपसमा गाँसिएको पनि पनि उनको भनाइ थियो ।

कार्यक्रममा नेपाल प्रेस युनियनले पत्रकारका लागि एक करोड रूपैयाँ बराबरको स्वास्थ्य उपचार कोष स्थापना गर्ने तयारीको घोषणा गरेको थियो । उपचार कोषमा पत्रकार राजाराम कार्कीले ११ हजार एक सय ११ रूपैयाँको चेक युनियनका अध्यक्ष बद्री सिग्देललाई हस्तान्तरण गरेका छन् । कांग्रेस नेता तीर्थराम डंगोल र केन्द्रीय सदस्य एवं सांसद धनराज गुरूङले पनि कोषमा सहयोग गर्ने जनाएका छन् ।

२५ वर्षअघि स्थापना हुँदा सहयोग गर्ने पत्रकारलाई युनियनले बिहीबार नै सम्मान गरेको छ । पूर्वअध्यक्ष रमेश तुफानसहित कन्हैयालाल केशरी, जगदीश घिमिरे (मरणोमरान्त), तारानाथ दाहाल, श्रीवल्लभ प्रधान, गणेशवल्लभ प्रधान, नवराज लम्साललाई कांग्रेस सभापति देउवा र महामन्त्री कोइरालाले सम्मान गरेका थिए ।

# इतिहासले मेरो मूल्यांकन गर्छ : पूर्वराष्ट्रपति



महोत्तरी । पूर्वराष्ट्रपति डा. रामवरण यादवले राष्ट्रप्रमुख हुँदा आफूले मुलुक र जनताको हितमा गरेको कामको मूल्यांकन इतिहासले गर्ने बताएका छन् । बर्दिबासमा बुधबार नगर पत्रकार सञ्जालले गरेको 'चुरे संरक्षण संवर्द्धन' विषयक कार्यक्रममा पूर्वराष्ट्रपति यादवले यस्तो बताएका हुन् ।

'राष्ट्रपति हुँदा मैले मुलुकको राष्ट्रिय एकता, विभिन्न क्षेत्र र समुदायका नागरिकबीचको सद्भाव अभिवृद्धिको पक्षमा डटेर काम गरेको छु,' उनले भने, 'अप्ठ्यारो अवस्थामा पनि मैले पहाड र तराई–मधेसका नागरिकबीच सद्भाव कायम राख्न पुलको काम गरेँ, यसको मूल्यांकन अहिले नभए पनि इतिहासमा अवश्य हुन्छ ।' राष्ट्रको समुन्नतिका लागि मुलुकको प्राकृतिक बनोट जोगाएर राख्नुपर्ने भन्दै उनले त्यही उद्देश्यले आफ्नो विशेष पहलमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू भएको बताए । तर, आफ्नो कार्यकालमा ६–७ वटा सरकार बने पनि कुनै सरकारले चुरे संरक्षणसम्बन्धी ठोस योजना र कार्यक्रम नल्याएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे ।

'चुरे संरक्षणका लागि सबैभन्दा पहिले त्यहाँ भइरहेको वनविनासलाई रोक्नुपर्छ,' पूर्वराष्ट्रपतिले भने, 'हामीले चुरे संरक्षणमा अहिले ध्यान दिएनौँ भने चुरे तथा तराई–मधेसमा बसोबास गर्ने ६२ प्रतिशत नेपालीको भविष्य अन्धकार हुनेछ ।'

राष्ट्रपति चुरे तराई–मधेस संरक्षण तथा विकास समितिका सदस्य डा. विजयकुमार सिंह, चुरे संरक्षणको क्षेत्रमा काम गर्दै आएको सामुदायिक विकास तथा पैरवी मञ्च बर्दिबासका अध्यक्ष नागदेव यादव, सागरनाथ वन विकास परियोजनाका प्रमुख ज्ञानेन्द्र मिश्रलगायतले चुरे क्षेत्रको अवस्था र त्यसको संरक्षणका लागि भएका काम समेटिएको कार्यपत्र प्रस्तुत गरेका थिए ।

गणतन्त्र दिवस
२०७३ जेठ १४, १५
र १६ गते भव्य
रुपमा मनाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार